का.जि.प्र.का.द.नं. १००/०५२/६०
१५ भदौ २०८३
सोमबार
31 August 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२१। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

अन्तिम म्यासेजपछि मौन छ मोबाइल

टिचिङको भित्तामा खोजिँदै आफन्त

रसुवाको बाढीले आफन्त गुमाएका परिवारका लागि काठमाडौंको टिचिङ अस्पताल आशा र पीडाको संगम बनेको छ। कोही पहिचान नभएका शवका तस्बिरमा आफ्ना मान्छेको अनुहार खोजिरहेका छन् त कोही बेपत्ताको पोस्टर टाँसिरहेका छन्। त्यही भिडमा छन् गौरवका काका विष्णुदयाल पटेल, जसको हातमा भतिजले पठाएको अन्तिम म्यासेज अझै सुरक्षित छ।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १४ भदौ

महाराजगन्जस्थित टिचिङ अस्पतालको भित्तामा आइतबार एउटा सानो हातले पोस्टर टाँस्दै थियो। भ्यालको आड लिएर उभिएका करिब सात-आठ वर्षका बालक कहिले पोस्टर समाउँथे, कहिले भित्तामा टाँसिन सजिलो होस् भनेर हातले थिच्थे। उनी बाढीमा बेपत्ता भएका आफन्त खोज्न अस्पताल पुगेका थिए।

पोस्टर टाँसिसकेपछि पनि उनी रोकिएनन्। अरूले ल्याएका पोस्टर पनि टाँस्न सघाए। त्यो दृश्य टिचिङ अस्पताल पुगेका धेरैको मन कटक्क खायो। सार्वजनिक बिदाको दिन भएकाले अस्पतालको ओपिडी बन्द थियो। तर, अस्पतालपरिसरमा मानिसको भिड थियो। उनीहरू उपचारका लागि होइन, बाढीले छुटाएका आफन्तको खोजीमा आएका थिए।

कसैको काख रित्तिएको थियो। कसैको सिन्दुर हराएको थियो। कसैले बुढेसकालको सहारा गुमाएको थियो। साना बालबालिकादेखि वृद्धवृद्धासम्म अस्पतालका भित्तामा टाँसिएका तस्बिर नियालिरहेका »» पृष्ठ २ मा

तीन तहका सरकारबीच भएन समन्वय

उद्धार र राहत वितरण प्रभावित

भोटेकोशी बाढीले निम्त्याएको मानवीय क्षतिपछिको खोज, उद्धार, व्यवस्थापन र पुनर्स्थापनामा संघीय सरकारले समन्वय नगरेको गुनासो स्थानीय र प्रदेश सरकारले गरेका छन्। संघीय सरकार एक्लै हिँड्न खोज्दा उद्धार तथा राहत वितरण प्रभावकारी हुन नसकेको गुनासो छ।

विपद्को पाँचौं दिनसम्म पनि शव निकाल्ने काम प्रभावकारी हुन सकेको छैन। महामारीको जोखिम बढ्न सक्नेप्रति संघीय सरकार गम्भीर देखिएन।

मोहन आचार्य
सांसद, रसुवा

संघ र प्रदेशबीच समन्वयमा अहिलेसम्म केही कमी थियो। आजबाट त्यो हटेको छ। अब तीनै तहका सरकार मिलेर व्यवस्थापन र पुनर्स्थापनाको काम हुनेछ।

किरण थापामगर
मुख्यमन्त्री, बागमती प्रदेश

संघले आफ्नो हिसाबले काम गरेको छ। प्रदेश सरकार गुमनाम छ भने स्थानीय तहले सबै शक्ति लगाएर खोज, उद्धार र राहतमा काम गर्दै छ।

भीम दुंगाना
अध्यक्ष नगरपालिका महासंघ

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १४ भदौ

भोटेकोशीमा १० भदौमा आएको विनाशकारी बाढीमा फसेका नागरिकको उद्धारका लागि गृहमन्त्री सुधन गुरुङ आफैं फिल्डमा छन्। गृहमन्त्रीसहित नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली बाढीमा बेपत्ता भएका नागरिकको खोजीमा रातविरात खटेका छन्।

प्रधानमन्त्री बालेन्द्र शाह बालेन पनि ११ भदौमै स्थलमार्ग हुँदै बाढीले क्षतिग्रस्त जिल्ला नुवाकोट पुगे। यति ठुलो विपद्मा पनि प्रधानमन्त्री स्थलमार्ग हुँदै क्षतिग्रस्त स्थलको अवलोकन र पीडित परिवारसँग भेटेर पुगेको भन्दै प्रशंसा पनि गरियो। फिल्डबाट फर्किएपछि प्रधानमन्त्री शाहले प्रत्येक दिन राति ८ बजे उनकै व्यक्तिगत फेसबुक पेजमार्फत सरकारले गरेका काम र पछिल्लो स्थितिका बारेमा जानकारी दिइरहेका छन्। प्रधानमन्त्रीले दिने यो सूचना अधिकांश मिडियाका लागि आधिकारिक र भरपर्दो स्रोत बनेको छ। तर, ठुलो विपद्मा पनि प्रधानमन्त्री र गृहमन्त्रीको भूमिका एउटा सूचना अधिकारी र उद्धारकर्ताकै रूपमा मात्रै देखिएकोप्रति आमरूपमा टिप्पणी हुन थालेको छ।

बाढी गएको पाँच दिन बितिसक्दासमेत प्रधानमन्त्री हजार घर र गृहमन्त्रीले स्थानीय र प्रदेश सरकारसँग कुनै समन्वय नगरेको स्थानीय र प्रदेशका जनप्रतिनिधिहरूको गुनासो छ। संघीय सरकारका मन्त्रीहरूलाई समेत बाढीपछिको वास्तविक अवस्थाका बारेमा सूचना छैन। सरकारले राख्नुपर्ने सर्वदलीय तथा सर्वपक्षीय बैठकसमेत राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले गर्दै आएका छन्। उक्त बैठकमा समेत प्रधानमन्त्रीको उपस्थिति नहुनुले प्रधानमन्त्रीले कसैसँग समन्वय नचाहेको देखिन्छ।

बाढीले रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखा र नवलपरासीका १५ »» पृष्ठ २ मा

सुरुङमा फसेकाहरू जीवितै भेटिने आस

रसुवा बाढीपछि सुरुङभित्र फसेकाहरूको पाँच दिनसम्म उद्धार हुन नसक्दा परिवारमा चिन्ता बढेको छ। तर, सुरुङभित्र हावा पुऱ्याउने प्रयास, प्रवेशमार्ग पत्ता लगाउने काम र विशेषज्ञ टोलीको परिचालनले उद्धारको आशा पनि बढाएको छ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १४ भदौ

चिलिमे जलविद्युत् आयोजनाको सुरुङबाट दुईवटा शव निकालिएको छ। योसँगै रसुवा बाढीका कारण थुनिएका वा पुरिएका जलविद्युत् आयोजनाको सुरुङ वा टनेलमा फसेकाहरूको अवस्था थाहा हुने आशा जगाएको छ।

आइतबार भारतीय टोली आएपछि नेपाली सेनासँग संयुक्त रूपमा उद्धारको काम सुरु गरेका थिए। सो क्रममा चिलिमे सुरुङको १०० मिटर भित्रबाट दुईवटा शव निकालिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले जानकारी दिए।

उनका अनुसार भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवा र नुवाकोटका जलविद्युत् आयोजनामा ठुलो क्षति पुऱ्याएपछि अब उद्धारकर्ताको ध्यान सुरुङभित्र केन्द्रित भएको छ। बाढी आएको पाँच दिनपछि नेपाली सेना, भारतीय तथा चिनियाँ सुरुङ उद्धार विशेषज्ञसहितका टोली प्रभावित आयोजनामा पुगेका हुन्। कतिपय सुरुङको प्रवेशद्वार नै पहिरो र लेदोले पुरिएका छन् भने कतिपयमा सयौं मिटरभित्र कामदार »» पृष्ठ २ मा

प्रेस विज्ञप्ति

मलेसियाको श्रमिक भर्ना प्रक्रियामा **FWCMS** मार्फत प्रस्तावित एकाधिकार र असमान व्यवस्था स्वीकार्य छैन। मलेसिया नेपाली श्रमिकका लागि लामो समयदेखि प्रमुख तथा आकर्षक वैदेशिक रोजगार गन्तव्य मुलुकका रूपमा रहँदै आएको छ। नेपाल र मलेसियाबीच स्थापित कूटनीतिक सम्बन्ध, श्रम सम्बन्ध तथा दुई देशबीच भएका श्रमसम्बन्धी समझदारी र सम्झौताहरूको मूल भावना पारदर्शिता, समानता, निष्पक्षता र पारस्परिक सहकार्यमा आधारित हुनुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको स्पष्ट धारणा रहेको छ। तर, मलेसियामा नेपाली श्रमिकको भर्ना प्रक्रियामा **FWCMS** नामक निजी संस्थामार्फत सीमित संख्याका वैदेशिक रोजगार व्यवसायी संस्थालाई मात्र सूचीकृत गरी अन्य इजाजतपत्र प्राप्त संस्थाहरूलाई प्रक्रियाबाट बाहिर राख्ने वा बजारमा प्रवेशमा प्रतिबन्ध लगाउने प्रयास भइरहेको विषयप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल सरकारबाट समान प्रकृतिको वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न कानुनी रूपमा इजाजतपत्र प्राप्त गरेका सबै व्यवसायी संस्थाको समान अधिकार र समान अवसरको सम्मान हुनुपर्ने संघको स्पष्ट मान्यता छ। कुनै निजी संस्था वा श्रम गन्तव्य मुलुकको कुनै प्रणाली वा संयन्त्रले नेपाल सरकार, सम्बन्धित सरकारी निकाय तथा वैदेशिक रोजगार व्यवसायीहरूको सहमति र स्पष्ट नीतिगत आधारबिना सीमित संस्थालाई मात्र अवसर प्रदान गर्ने व्यवस्था लागू गर्नु निष्पक्ष प्रतिस्पर्धा, समान अवसर र नेपालको कानुनी व्यवस्थाको मर्मविपरीत हुने संघको ठहर छ। नेपालको संविधानको धारा ५१(घ)(४) ले आर्थिक क्षेत्रमा निष्पक्षता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्ने नीति अवलम्बन गर्न तथा धारा ५१(घ)(७) ले कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्ने गतिविधिको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने राज्यको नीति स्पष्ट गरेको छ। त्यसैगरी, प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३ ले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने सम्झौता तथा बजार प्रवेश रोक्ने अभ्यासलाई निषेध गरेको छ। दफा ४ ले प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्न नहुने व्यवस्था गरेको छ भने दफा ७ ले एकलौटी कारोबार र दफा ८ ले बजार सीमित गर्ने कार्यलाई निषेध गरेको छ। यस कानुनी तथा नीतिगत व्यवस्थाको भावना विपरीत **FWCMS** मा हाल सूचीकृत २५ वटा संस्था मात्रलाई प्राथमिकता दिने होस् वा भविष्यमा २५० वटा संस्था सूचीकृत गर्ने प्रपन्च रचिएको विषय होस्, यदि त्यसले नेपाल सरकारबाट समान प्रकृतिको इजाजतपत्र प्राप्त अन्य वैदेशिक रोजगार व्यवसायी संस्थालाई प्रतिस्पर्धाबाट बाहिर राख्ने, बजारमा प्रवेश रोक्ने वा कुनै निश्चित निजी संयन्त्रमा निर्भर हुन बाध्य बनाउने अवस्था सिर्जना गर्छ भने त्यस्तो व्यवस्था संख्या परिवर्तन हुँदैमा न्यायोचित वा स्वीकार्य हुन नसक्ने संघको धारणा रहेको छ। नेपाल एक सार्वभौम राष्ट्र हो। नेपालको वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित कुनै पनि प्रणाली, प्रक्रिया वा सेवा व्यवस्था नेपालको प्रचलित कानुन, दुई देशबीचको श्रम सम्झौता तथा सरकारी तहमा भएको सहमतिको अधीनमा रही मात्र कार्यान्वयन हुनुपर्ने संघको स्पष्ट मान्यता छ। साथै, श्रमिकलाई अनावश्यक आर्थिक भार पर्ने, भर्ना प्रक्रियालाई जटिल बनाउने वा कुनै निजी संस्था वा सीमित समूहको आर्थिक हितलाई प्राथमिकता दिने प्रणाली स्वीकार गर्न नेपाल बाध्य हुनुपर्ने अवस्था नरहेको संघ स्पष्ट गर्दछ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कुनै पनि प्रविधि वा डिजिटल प्रणालीको विरोधमा छैन। संघको आपत्ति प्रविधिको प्रयोगमा नभई त्यसको नाममा एकाधिकार, असमान पहुँच, सीमित संस्थाको पक्षपोषण, बजार नियन्त्रण तथा श्रमिक र व्यवसायीमाथि अनावश्यक आर्थिक भार सिर्जना गर्ने सम्भावित व्यवस्थाप्रति हो। प्रविधि पारदर्शी, सबैका लागि समान पहुँचयोग्य, प्रतिस्पर्धात्मक र दुई देशका सरकारको सहमतिमा आधारित हुनुपर्छ। तसर्थ: नेपाल सरकार, विशेषगरी युवा, श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा सम्बन्धित सरकारी निकायहरूलाई यस विषयमा गम्भीर कूटनीतिक पहल गरी मलेसिया सरकारसँग आवश्यक संवाद तथा वार्ता अगाडि बढाउन संघ हार्दिक आग्रह गर्दछ। साथै, दुई देशका सरकार तथा सम्बन्धित सरोकारवालाबीच पारदर्शी, समान, प्रतिस्पर्धात्मक र पारस्परिक सहमतिमा आधारित श्रमिक भर्ना प्रणाली विकास गरी कुनै पनि प्रकारको एकाधिकार वा असमान व्यवस्था अन्त्य गर्न नेपाल सरकारले प्रभावकारी कूटनीतिक पहल गर्नुपर्ने संघको माग रहेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघ स्पष्ट रूपमा दोहोऱ्याउन चाहन्छ- समान प्रकृतिको इजाजतपत्र प्राप्त सबै व्यवसायीका लागि समान अवसर, श्रमिकका लागि सुरक्षित र न्यून लागतको भर्ना प्रक्रिया तथा दुई देशबीचको सहमतिमा आधारित पारदर्शी प्रणाली नै नेपालको वैदेशिक रोजगार क्षेत्रको मूल आधार हुनुपर्छ। संघ यस विषयमा नेपाल सरकार, मलेसिया सरकार, सम्बन्धित रोजगारदाता तथा व्यवसायी संघसंस्थासँग रचनात्मक संवाद र सहकार्यका लागि सदैव तयार रहेको जानकारी गराउँदछ।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

डिक बहादुर खत्री (कुमार)
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५५०५६५/४५५४४१८

वैदेशिक रोजगार विशेष

बंगलादेशको घटनाले झस्किए नेपाली व्यवसायी

'एकाधिकार कुनै पनि हालतमा अस्वीकार्य'

मध्यान्ह संवाददाता
काठमाडौं, १४ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले दुई देशबीचको सहमतिमा आधारित पारदर्शी प्रणाली नै नेपालको वैदेशिक रोजगार क्षेत्रको मूल आधार हुनुपर्ने भन्दै त्यसका लागि सार्थक पहल गर्न परराष्ट्र मन्त्रालयलगायतको ध्यानाकर्षण गराएको छ।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार' र महासचिव हिराबहादुर डाँगी (हरि)ले संयुक्त विज्ञप्ति जारी गर्दै मलेसियाको श्रमिक भर्ना प्रक्रिया फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा २५ नेपाली म्यानपावर कम्पनी दर्ता भएको विषयलाई प्रस्तावित एकाधिकार र असमान व्यवस्था भन्दै संघले त्यसलाई अस्वीकार गरेको बताएका छन्।

मलेसियाको श्रमिक भर्ना प्रक्रिया एफडब्लुसिएमएसमा बंगलादेशका मुख्य २५ र उनीहरू मातहत १० वटा कम्पनी रहने गरी राखिएपछि नेपालमा पनि त्यस्तै चलखेल हुन थालेको आकलन गरिएको छ। यसअघि एफडब्लुसिएमएसमा नाम रहेका २५ नेपाली म्यानपावर कम्पनीमध्ये २३ म्यानपावर कम्पनीले आफूहरू उक्त प्रणालीमा नरहेको बताएका छन्। तर, भित्रभित्रै लोभ्याउने, अलमल्याउने र छक्याउने खेल भइरहेको कतिपयको दावी छ। संघले नेपाल »» पृष्ठ २ मा

मलेसियामा कार्यरत नेपालीद्वारा बाढीपीडितका लागि सहयोग

क्वालालम्पुर/मस- भोटेकोशीमा आएको विनाशकारी बाढी तथा प्राकृतिक विपत्तिबाट घरबारविहीनहरूको उद्धार तथा राहतका लागि मलेसियामा सेक्युरिटी गार्डको काममा कार्यरत नेपालीहरूले ४ लाख बढी रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेका छन्।

मलेसियाको स्पेसल स्वाड सेक्युरिटी टिममा कार्यरत नेपालीहरूले ४ लाख ५ हजार १६१ रुपैयाँ संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका हुन्।

उक्त कम्पनीका म्यानेजरसमेत रहेका प्रवासी नेपाली सम्पर्क विभाग, मलेसियाका केन्द्रीय सदस्य कमल चन्दको सक्रियतामा उक्त »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

भोटेकोशी बाढी

खोज, उद्धार र राहत प्रभावकारी बनाउन सभापति लामिछानेको निर्देशन

काठमाडौं/मस– भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका लागि भइरहेको प्रयासबारे राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीका विभिन्न तह तथा निकायबाट 'ब्रिफिङ' लिएका छन् ।

बाढी प्रभावितको उद्धार तथा राहतमा पार्टीका तर्फबाट भइरहेका गतिविधिबारे जानकारी लिएपछि सभापति लामिछानेले प्रभावकारी ढंगले काम गर्न पार्टीका सम्पूर्ण तह र निकायलाई निर्देशन दिएको रास्वपाका प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।उनका अनुसार सभापति लामिछानेले विपद्को समयमा प्रभावित नागरिकलाई तत्काल सहयोग पुऱ्याउने गरी उपलब्ध पार्टी संयन्त्र, स्वयंसेवक तथा सम्बन्धित निकायबीच आवश्यक समन्वय गर्न पनि निर्देशन दिएका छन् ।

भोटेकोशी क्षेत्रमा बाढीका कारण प्रभावित तथा जोखिममा रहेका नागरिकको खोज, उद्धार र राहतलाई प्राथमिकतामा राख्दै पार्टीका सबै तहलाई सक्रिय रूपमा परिचालित हुन सभापति लामिछानेले आग्रह गरेको रास्वपाले जनाएको छ । सभापति लामिछानेले प्रभावित पालिकाको सभापतिसँग पनि छलफल गरेका छन् ।

टिचिङको...

थिए । कसैको नजर परिचित अनुहार खोज्दै थियो । कसैले बेपत्ता आफन्तको पोस्टर भित्तामा टाँस्दै थियो ।

बाढीमा परेर घाइते भएकाहरूको अस्पतालभित्र उपचार भइरहेको थियो । बाढीमा ज्यान गुमाएकाहरूका शव शवगृहमा राखिएका थिए । तीमध्ये पहिचान हुन नसकेका शवको तस्बिर अस्पतालले तयार पारेर भित्तामा टाँसेको थियो । आफन्तहरू ती तस्बिरमा आफ्ना मान्छेको अनुहार खोजिरहेका थिए ।

त्यही भिडमा थिए, रौतहटको वृन्दावन-२का विष्णुदयाल पटेल र उनका भाइहरू । उनी आफ्ना २८ वर्षीय भतिज गौरवकुमार राउतको खोजीमा पुगेका थिए । गौरव १० भदौमा रसुवामा आएको बाढीपछि बेपत्ता छन् । उनी अपर त्रिशूली-२१६ जलविद्युत् आयोजनामा सर्भे इन्स्पेक्टरका रूपमा कार्यरत थिए । अस्पतालको एउटा कुनामा बसेर काका पटेल कहिले मोबाइल हेर्थे, कहिले भित्तामा टाँसिएको गौरवको पोस्टर हेर्थे । आँखामा आँसु टिलपिलाइरहेको थियो ।

मोबाइलमा गौरवले ह्वाट्सएपमार्फत पठाएको म्यासेज सुरक्षित थियो । पटक-पटक मोबाइल हेरे पनि त्यसपछि अर्को म्यासेज आएको छैन । त्यो म्यासेज नै गौरवको परिवारसँगको अन्तिम सम्पर्क बनेको छ ।

गौरवलाई बाढी आउँदै छ भन्ने सूचना अरूभन्दा पहिले नै थाहा हुन्थ्यो । उनको काम नै आयोजनास्थलमा जोखिमको सूचना दिनु पनि थियो । बाढीको खतरा देखिएपछि उनले साइरन बजाएर सबैलाई सचेत गराउँथे । आफ्ना मातहतका कर्मचारी र कामदारलाई ह्वाट्सएपमार्फत सूचना पठाउँथे । 'भतिजलाई बाढी आउँदै छ भन्ने जानकारी पहिले नै हुन्थ्यो,' काका पटेलले भने, 'उनले नै बाढी आएको खतराको साइरन बजाएर संकेत दिन्थे र सुरक्षित हुन सचेत गराउँथे ।'

भोटेकोशीमा १० गते बिहान बाढी आउन लागेको सूचना गौरवले पनि पहिले नै पाएका थिए । उनले अपर त्रिशूलीका कर्मचारी र कामदारलाई जानकारी गराए । कार्यालयमा प्रत्यक्ष पुगेर र ह्वाट्सएपमार्फत पनि सचेत गराए ।

त्यही दिन बिहान उनले परिवारलाई पनि म्यासेज पठाएका थिए । बिहान करिब ६ बजे दिदीबहिनीसँग रक्षाबन्धनबारे कुराकानी गरेका गौरवले बिहान ८:५९ बजे श्रीमती र बहिनीलाई ठुलो बाढी आएको जानकारी गराए । त्यसपछि उनको फोन मौन छ । पाँच दिन बितिसक्दा पनि परिवारले उनको अर्को म्यासेज पाएको छैन ।

बाढी आउँदा गौरवले आयोजनास्थलमा खतराको साइरन बजाएका थिए । उनका कार्यालयका साथीहरूले परिवारलाई बताएअनुसार उनी सुतिरहेका कामदारलाई उठाउन कोठा-कोठामा पुगेका थिए । ढोका ढकढक्याएर उनीहरूलाई बाहिर निकाल्ने प्रयास गरेका थिए ।

बाढी आएको केही सेकेन्डमै पहाडको भित्तामा भएको लहरा समातेर उनका केही सहकर्मी बाँच्न सफल भए । तर, अरूलाई बचाउन दौडिएका गौरव भने त्यसपछि सम्पर्कविहीन छन् । यही कुराले काका पटेलको मनमा एउटा आशा अझै बाँकी छ । 'भतिजलाई पहिले नै बाढी आएको जानकारी थियो, त्यसैले उनी जोगिनुपर्ने हो' उनले भने, 'कतै जंगलमा घाइते अवस्थामा पो छन् कि ?'

आशा र डरबीच अस्पताल पुगेका पटेलले पहिचान नभएका शवका तस्बिर पनि हेरे । एक/दुईवटा होइन, सयौं तस्बिर । हरेक अनुहारमा उनी गौरव खोजिरहेका थिए । तर, अहिलेसम्म कुनै शवलाई भतिज भनेर पहिचान गर्न सकेका छैनन् । '८० प्रतिशत शवहरू चिनिँदैनन्,' उनले भने, 'पहिचान गर्न सकिएको छैन । भतिज फर्किन्छन् कि भन्ने आशा पनि लाग्छ ।'

गौरवको परिवारजस्तै दक्षिणकालीका केदार बस्नेत पनि आफ्ना आफन्तको खोजीमा टिचिङ अस्पताल पुगेका थिए । मामाको छोरा-बुहारी, भतिज-भतिजी र एकजना छिमेकी गरी पाँच्जनाको खोजीमा उनी अस्पताल आएका थिए । बस्नेतले शवगृहमा राखिएका पहिचान नभएका शव हेरे । एउटापछि अर्को शव हेर्दै आफन्तको अनुहार खोजे । तर, शवहरू पहिचान गर्न सकिने अवस्थामा थिएनन् । कतिपय शवको अवस्था यस्तो थियो कि आफ्नै मान्छे भए पनि छुट्याउन कठिन थियो । अन्ततः उनले अस्पतालसँग ती शवहरू हेर्नका लागि सहयोग र अनुमति मागे ।

टिचिङ अस्पतालका भित्तामा दिन बित्दै जाँदा बेपत्ता भएका मानिसका पोस्टर थपिँदै छन् । पहिचान हुन नसकेका शवका तस्बिर पनि बढिरहेका छन् । एउटा पोस्टर टाँसिन्छ, त्यसको छेउमा अर्को पोस्टर थपिन्छ । एउटा अनुहारमुनि 'बेपत्ता' लेखिन्छ, अर्को अनुहारमुनि पहिचानको प्रतीक्षा । अस्पतालको त्यो भित्तामा अहिले कागज टाँसिएका छैनन् । त्यहाँ परिवारका आशा टाँसिएका छन् । फर्किएर आउने मान्छेको प्रतीक्षा टाँसिएको छ । कतिपय परिवारका लागि अन्तिम सत्य पत्ता लगाउने बाध्यता पनि त्यही भित्तामा अडिएको छ ।

गौरवका काका पटेलका लागि पनि त्यो भित्ताको अर्थ यही हो । उनी एउटा शवमा गौरवको अनुहार भेटियोस् भन्ने चाहँदैनन् । उनी त मोबाइलमा अर्को म्यासेज आउँछ भन्ने प्रतीक्षामा छन् । 'म सुरक्षित छु भन्ने म्यासेज आउँछ कि भनेर हेरिरहन्छु' उनी भन्छन् ।

तर, पाँच दिनदेखि मोबाइल मौन छ । टिचिङ अस्पतालको भिडमा धेरै परिवारका हातमा यस्तै मोबाइल छन् । कतै फोन आउँछ कि भन्ने आशा छ । अस्पतालको भित्तामा पोस्टर टाँस्दै गरेको त्यो सानो बालकदेखि मोबाइलमा अन्तिम म्यासेज हेर्दै आँसु पुछिरहेका काका पटेलसम्म, त्यहाँ हरेक अनुहारको एउटै प्रश्न छ- बाढीले लगेको हाम्रो मान्छे कहाँ छ ?

तीन...

क्षति गरेको प्रारम्भिक तथ्यांक छ । यद्यपि सरकारले मानवीय र भौतिक क्षतिको आधिकारी आँकडा निकाल्न अझै सकेको छैन । सरकारले सर्वदलीय/सर्वपक्षीय समन्वय र सहकार्यमा काम गरेको भए खोज, उद्धार, राहत र पुनर्स्थापनासँगै क्षतिको विवरणसमेत समयमै निकाल्न सक्ने विपद्विज्ञ मान थापाको अनुभव छ । 'सरकारले स्थानीय तह, प्रदेश सरकार, राजनीतिक दलहरू, सरोकारवालाहरू र सम्बन्धित क्षेत्रका विज्ञहरूसँग नियमित गर्नुपर्ने समन्वय र सहकार्यमा चुकेको देखिन्छ,' उनले मध्यान्हसँग भने, 'प्रधानमन्त्री र गृहमन्त्री दुवैजना फिल्डमै देखिनुभयो । तर, उहाँहरूले विपद्को बेला गर्नुपर्ने सञ्चार समन्वय, स्थानीय, प्रदेश सरकारसँगको सहकार्य गर्न नसक्दा मानवीय क्षति बढी भएको देखिन्छ ।' तीनै तहको सरकार मिलेर खोज उद्धारसँगै राहत वितरणमा केन्द्रित हुनुपर्ने उनको सुझाव छ ।

रास्वपाका वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री शाहले स्थानीय सरकारसँग खोज तथा उद्धार र राहतवितरणमा स्थानीय तहसँग समन्वय नै नगर्दा समस्या आएको भन्ने गुनासो बढ्न थालेपछि पार्टी सभापति रवि लामिछानेले आइतबार स्थानीय जनप्रतिनिधिसँग छलफल गरे । बाढी गएको पाँचौं दिनमा रसुवा, नुवाकोट र धादिङका बाढीपहिरो प्रभावित स्थानीय तहका जनप्रतिनिधिसँग संवाद गरेका लामिछानेले स्थानीय जनप्रतिनिधिलाई सरकारसँग समन्वय गराउने प्रतिबद्धता जनाएका छन् ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापामगर प्रधानमन्त्री शाहलाई भेट्न गएका थिए । तर, भेट्न पाएनन् । सल्लाहकारसँग आफ्ना कुरा राखेर उनी रास्वपा सभापति लामिछानेलाई भेट्न पुगेका थिए । लामिछानेसँगको भेटपछि उनले तीनै तहको सरकारबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन बाटो खुलेको बताए । 'अहिलेसम्म केही ल्याकिङ थियो,' थापाले मध्यान्हसँग भने, 'आजबाट त्यो हटेको छ । अब तीनै तहको सरकार मिलेर व्यवस्थापन र पुनर्स्थापनाको काम हुनेछ ।'

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि प्रदेश र स्थानीय तहसँग सहकार्य गरेर अघि बढ्नुपर्ने अवस्थामा केन्द्र सरकारबाट पर्याप्त समन्वय नभएको टिप्पणी गरे । 'सरकारले राज्यको सामर्थ्य कब्जा गरेर बसेको छ । सरकार एक ढंगले भन्दा अगम्य, अप्राप्य स्थितिमा छ । अदृश्यजस्तो अवस्थामा सरकार छ,' ओलीले भने । सरकारले माउन्टेनियर रेस्क्यु र निजी हेलिकोप्टरलाई खोजीमा सहभागी नगराइएकोप्रति समेत ओलीले सरकारको ध्यानाकर्षण गराए ।

संघीय सरकारले आफ्नो हिसाबले काम गर्दै आएको र स्थानीय सरकारले खोज, उद्धार र राहतमा महत्वपूर्ण काम गरेको नगरपालिका महासंघले जनाएको छ । स्थानीय सरकाले विपद्को घडीमा पीडितका वास्तविक समस्या समाधानमा काम गरिरहेको संघका अध्यक्ष भीम ढुंगानाले दाबी गरे । 'स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले सबैसँगको सहकार्यमा विपद् व्यवस्थापनको काम गर्न चाहेको छ,' उनले मध्यान्हसँग भने, 'संघीय सरकारले आफ्नो हिसाबले काम गर्दै आएको छ । प्रदेश सरकार यो विपद्मा गुमनाम छ भने स्थानीय तहले सबै शक्ति लगाएर मानवीय खोज, उद्धार र राहतको काम गर्दै आएको छ ।' स्थानीय सरकारले भौतिक पूर्वाधारको खर्च कटौती गरेर समेत विपद् व्यवस्थापन, राहत र पुनर्स्थापनाका कामगर्दै आएको ढुंगानाले दाबी गरे ।

रास्वपा सभापति लामिछानेसँग स्थानीय जनप्रतिनिधिहरूले सडक, विद्युत्, शव व्यवस्थापन, सुरुङमा फसेकाहरूको उद्धार, खाद्यान्न तथा आवासलगायतका समस्या तत्काल समाधान गर्नुपर्ने माग राखेका छन् । गोसाइँकुण्ड गाउँपालिका रसुवाका अध्यक्ष कैसाङ नुर्पु तामाङले बाढीपहिरोमा ज्यान गुमाएकाहरूको शव व्यवस्थापनका लागि आवश्यक सामग्रीको अभाव रहेको भन्दै तत्काल व्यवस्था गर्न माग गरे । त्यस्तै, आमाछोदिङमो गाउँपालिका रसुवाका अध्यक्ष बुचुङ तामाङले जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका व्यक्तिहरूको उद्धारका लागि तत्काल थप उपाय अपनाउनुपर्ने र सीमित मात्रामा भए पनि जेनेरेटरको व्यवस्था गरेर विद्युत् आपूर्ति सुनिश्चित गर्नुपर्ने माग गरेका छन् ।

कालिका गाउँपालिका रसुवाका अध्यक्ष हरिकृष्ण देवकोटाले सडक सञ्जाल जोड्नुका साथै खाना पकाउने ग्यासको अभाव भएको बताए । उत्तरगया गाउँपालिका रसुवाका अध्यक्ष माधवप्रसाद अर्यालले शव व्यवस्थापनलाई सबैभन्दा गम्भीर र तत्काल समाधान गर्नुपर्ने समस्याका सुनाए । त्यस्तै, नुवाकोटको बेलकोटगढी नगरपालिकाका अध्यक्ष जगतबहादुर गुरुङले वैकल्पिक सडक तत्काल खोल्नुपर्ने र विस्थापितका लागि अस्थायी आवासको व्यवस्था गर्नुपर्ने बताए । उनीहरूले प्रजिअसँग समन्वय गर्न कठिनाइ भइरहेको विषय समेत सभापति लामिछानेसँग राखेका छन् । स्थानीय सरकारले टेन्ट तथा वैकल्पिक आवासको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।

रसुवाका सांसद एवं नेपाली कांग्रेसका नेता मोहन आचार्यले रसुवा जिल्लाका दक्षिणी तथा उत्तरी क्षेत्रमा विपद्पछिको उद्धार, राहत वितरण र शव व्यवस्थापन प्रभावकारी हुन नसकेको बताए । रसुवाको स्टेसन-२ भन्दा तल गोल्भु, बेत्रावती, पैरेबेसीलगायत गाउँपालिकाका विभिन्न क्षेत्रमा प्रशासनिक उपस्थिति नै कमजोर देखिएको उनको भनाइ छ । 'विपद्को पाँचौं दिनसम्म पनि रसुवाको उत्तरी र दक्षिणी दुवै क्षेत्रमा शव निकाल्ने काम प्रभावकारी रूपमा सुरु हुन सकेको छैन,' आचार्यले मध्यान्हसँग भने, 'शव व्यवस्थापनमा ढिलाइ हुँदा महामारीको जोखिम बढ्न सक्नेप्रति सरकार गम्भीर हुन जरुरी छ ।'

रसुवाका लागि ६ वटा डेडिकेटेड हेलिकोप्टर परिचालन गर्ने जानकारी पाए पनि हेलिकोप्टरमार्फत उद्धार, राहत वितरण तथा शव व्यवस्थापनको प्रभावकारिता नभएको उनको गुनासो छ । रसुवाका उत्तरी क्षेत्रमा हवाई उद्धारबाहेक अन्य विकल्प नभएकाले संघीय सरकारले तत्काल प्रभावकारी संयन्त्र बनाएर राहत, उद्धार, स्वास्थ्य सेवा र शव व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने आचार्यले माग गरेका छन् ।

सुरुङमा...

तथा प्राविधिक फसेको अनुमान छ । उद्धार टोलीले आइतबारदेखि चिलिमे, अपर त्रिशूली-१ र लाङटाङलगायत आयोजनामा काम थालेका हुन् । यसक्रममा चिलिमेको सुरुङमा प्रवेश गरेर नेपाली सेना र भारतीय विशेषज्ञ टोलीले दुई शवसमेत निकालेको हो । सुरुङभित्र अझै मानिस रहेको हुनसक्ने भएकाले खोजी जारी छ ।

बाढीबाट रसुवा र नुवाकोटमा सञ्चालनमा रहेका तथा निर्माणाधीन गरी कम्तीमा १३ जलविद्युत् आयोजना प्रभावित भएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अनुसार प्रारम्भिक विवरणमा ती आयोजनामा रहेका ९३४ जना सम्पर्कविहीन भएका थिए । रसुवाका मात्रै सात आयोजनामा ७३० जना सम्पर्कविहीन थिए ।

रसुवामा बाढीबाट प्रभावित सात आयोजनामध्ये रसुवागढी, रसुवा भोटेकोशी, लाङटाङ खोला, चिलिमे, मैलुङ खोला र माथिल्लो त्रिशूली १ प्रमुख छन् । तीमध्ये केही आयोजना सञ्चालनमा छन् भने केही निर्माणाधीन अवस्थामा छन् ।

२१६ मेगावाटको निर्माणाधीन माथिल्लो त्रिशूली १ सबैभन्दा ठुलो मानवीय संकट देखिएको आयोजना हो । प्रारम्भिक विवरणअनुसार त्यहाँ काम गरिरहेका करिब ५७६ जना सम्पर्कविहीन भएका थिए । तीमध्ये करिब ४ सयजना सुरुङ तथा हेडवर्क्स क्षेत्रमा फसेको अनुमान गरिएको थियो । पछि २५४ जनालाई उद्धार गरिएको भए पनि करिब ३०० जना सुरुङभित्र फसेको आशंका कायमै रहेको छ ।

त्यस्तै, १११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनामा ९३ जना, १२० मेगावाटको रसुवा-भोटेकोशीमा चारजना, २० मेगावाटको लाङटाङ खोलामा ४२ जना, २२ मेगावाटको चिलिमेमा आठजना र पाँच मेगावाटको मैलुङ खोलामा सातजना सम्पर्कविहीन भएको इप्पानको विवरण थियो ।

नुवाकोटतर्फ पनि बाढीले ठुलो असर पारेको छ । ३७ मेगावाटको माथिल्लो त्रिशूली-३ 'बी'मा ठुलो संख्यामा मानिस सम्पर्कविहीन भए पनि उनीहरू सुरुङमा फसेका भने छैनन् । आयोजनाका अनुसार सम्पर्कविहीनमध्ये अधिकांश सतहमा निर्माण, क्याम्प वा कार्यालय क्षेत्रमा रहेका कामदार तथा कर्मचारी हुन् ।

६० मेगावाटको माथिल्लो त्रिशूली-३ 'ए'मा भने अवस्था फरक छ । विद्युत् गृह नै भूमिगत रहेको यो आयोजनामा ओभरहलिङको काम भइरहेको बेला करिब ४२ जना उच्च प्राविधिक तथा कर्मचारी सुरुङभित्र रहेको अनुमान गरिएको थियो । बाढी र पहिरोपछि उनीहरूसँग सम्पर्क हुन सकेको छैन ।

ऊर्जा मन्त्रालयका अनुसार ठुलो संख्यामा मानिस फसेको आशंका माथिल्लो त्रिशूली-१ मा छ । त्यहाँ करिब ३०० जना सुरुङभित्र फसेको अनुमान छ ।

माथिल्लो त्रिशूली-३ 'ए'मा करिब ४२ जना सुरुङ क्षेत्रमा रहेको अनुमान छ । चिलिमेको सुरुङमा सुरुमा ६ जना कर्मचारी फसेको जानकारी आयोजनाले दिएको थियो । तीमध्ये दुईजनाको शव आइतबार सुरुङबाट निकालिएको छ । बाँकीको अवस्थाबारे खोजी भइरहेको छ ।

लाङटाङ जलविद्युत् आयोजनामा पनि सुरुङभित्र कामदार फसेको प्रारम्भिक विवरण आएको थियो । आयोजनाका अनुसार बाहिर रहेका केही कर्मचारीको उद्धार भए पनि सुरुङभित्र रहेका मानिससम्म उद्धार टोली पुग्न सकेको थिएन । प्रारम्भिक अनुमानमा करिब २५ देखि ३५ जना सुरुङभित्र फसेका हुनसक्ने बताइएको थियो ।

यसरी हेर्दा सम्पर्कविहीन र सुरुङभित्र फसेका मानिस एउटै संख्या होइनन् । ८९८ जना सम्पर्कविहीन भएको इप्पानको पछिल्लो विवरणमा सतहमा रहेका कामदार र कर्मचारीसमेत पर्छन् । तीमध्ये माथिल्लो त्रिशूली-१, माथिल्लो त्रिशूली-३ 'ए', लाङटाङ र चिलिमेजस्ता आयोजनामा मात्रै सुरुङभित्र फसेका मानिसको संख्या ठुलो छ ।

५ दिनपछि सुरुङमा विदेशी विशेषज्ञ

सुरुङ उद्धारमा नेपालको प्राविधिक क्षमता र उपकरण सीमित देखिएपछि भारत र चीनबाट विशेषज्ञ टोली ल्याइएको हो । भारतीय टोलीमा चिकित्सक, प्यारामेडिक्स तथा सुरुङ इन्जिनियरसहितका विशेषज्ञ छन् । अर्को भारतीय सैन्य टोलीसमेत उद्धारमा परिचालन भएको छ । चिनियाँ सुरुङ विशेषज्ञ टोलीलाई २१६ मेगावाटको माथिल्लो त्रिशूली-१मा खटाइएको छ ।

चिलिमेमा भारतीय र नेपाली सेनाको संयुक्त टोलीले सुरुङभित्र करिब १०० मिटर प्रवेश गरेर दुई शव निकालेको छ । त्यसअघि माउन्टेनियरिङ रेस्क्यु विज्ञको टोलीले सुरुङभित्र गएर छातीसम्म लेदो भरिएको र विशेष उपकरणबिना अगाडि बढ्न नसकिने अवस्था रहेको जानकारी दिएको थियो ।

उता माथिल्लो त्रिशूली-३ 'ए'मा पनि आइतबार महत्वपूर्ण प्रगति भएको छ । सुरुङको प्रवेशद्वार पत्ता लागेको छ । सम्भावित फसेका व्यक्तिसम्म पुग्न पुरिएको भाग हटाउने काम भइरहेको छ । सुरुङभित्रको अवस्था बुझ्न क्यामेरा तथा अन्य उपकरण प्रयोग गर्ने तयारी गरिएको छ ।

पाँच दिनसम्म उद्धार हुन नसक्दा सुरुङभित्र फसेकाहरूको अवस्थाबारे परिवारमा चिन्ता बढेको छ । तर, सुरुङभित्र हावा पुऱ्याउने प्रयास, प्रवेशमार्ग पत्ता लगाउने काम र विशेषज्ञ टोलीको परिचालनले उद्धारको आशा पनि बढाएको छ ।

माथिल्लो त्रिशूली-३ 'ए'मा यसअघि हावा पुऱ्याउन विभिन्न स्थानबाट प्वाल बनाइएको थियो । अहिले प्रवेशमार्ग भेटिएपछि उद्धारकर्ताले सुरुङभित्र अक्सिजन, क्यामेरा र आवश्यक उपकरण लैजाने तयारी गरेका छन् । यसले भित्र रहेका व्यक्तिको वास्तविक अवस्था पत्ता लगाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

चिलिमेमा दुई शव भेटिनु पीडादायी भए पनि सुरुङभित्र पुग्न सकिन्छ भन्ने प्रमाण पनि बनेको छ । अब त्यहाँ बाँकी व्यक्तिको खोजी तीव्र पारिएको छ । माथिल्लो त्रिशूली-१मा चिनियाँ सुरुङ विशेषज्ञसहितको टोली परिचालन भइसकेकाले त्यहाँ पनि उद्धारको गति बढ्ने अपेक्षा छ ।

यद्यपि, उद्धारमा भएको ढिलाइप्रति प्रश्न पनि उठेको छ । बाढीपछि चार दिनसम्म सुरुङमा फसेकाको उद्धार प्रभावकारी रूपमा सुरु हुन नसकेको र विदेशी विशेषज्ञ टोली पाँच दिनपछि मात्रै फिल्डमा पुगेको भन्दै विज्ञ तथा आयोजना सञ्चालकहरूले चिन्ता व्यक्त गरेका छन् । नेपाल इन्जिनियर्स एसोसिएसनका अध्यक्ष सुवासचन्द्र बरालले भारत र चीनबाट केही घण्टामै विशेषज्ञ र उपकरण ल्याउन सकिने अवस्था हुँदाहुँदै ढिलाइ भएको बताएका छन् ।

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)का अनुसार रसुवाको माथिल्लो त्रिशूली-१ आसपासबाट २ दिनमा २५० जनाको उद्धार गरिएको छ ।

'चिनियाँ र कोरियन विशेषज्ञ टोलीले नेपाली सेनासँग समन्वय गरी यस क्षेत्रमा उद्धारको प्रयास जारी राखेको छ । साथै चिनियाँ टोलीले सुरुङभित्र ३ किलोमिटरसम्म खोज गरिसकेको छ' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

नुवाकोटको माथिल्लो त्रिशूली ३ 'ए' आयोजनाको सुरुङमा उद्धारको प्रयास जारी राखिएको उनले बताएका छन् । नुवाकोटको माथिल्लो त्रिशूली ३ 'बी' जलविद्युत् आयोजनामा पनि उद्धारको प्रयास जारी छ । आयोजनामा भैरवनाथगण र नेपाल विद्युत् प्राधिकरणको संयुक्त टोलीद्वारा उद्धारको प्रयास भइरहेको छ । यस क्षेत्रमा चिनियाँ विशेषज्ञ टोलीले नेपाली सेनासँगको समन्वयमा काम गरिरहेको छ ।

रसुवाको चिलिमे जलविद्युत् आयोजनामा नेपाली सेनासँगको समन्वयमा भारतीय टोलीले रेकी गरी पम्प र एस्काभेटर लगेर उद्धारको प्रयास गरिरहेको छ । रसुवाको लाङटाङ खोला जलविद्युत् आयोजनामा नेपाली सेनाद्वारा खोज तथा उद्धार प्याट्रोल भइरहेको छ । भारतीय टोलीले नेपाली सेनासँग समन्वय गरी रेकी गरी पम्प र एस्काभेटर लगेर थप काम सुरु भएको छ । रसुवाकै मैलुङ खोला जलविद्युत् आयोजनामा कोरियन विशेषज्ञको टोलीले नेपाली सेनासँग समन्वय गरी हवाई रेकी भई काम समेत सुरु भइसकेको छ ।

बंगलादेशको...

र मलेसियाबीच स्थापित कूटनीतिक सम्बन्ध, श्रम सम्बन्ध तथा दुई देशबीच भएका श्रमसम्बन्धी समझदारी र सम्झौताहरूको मूल भावना पारदर्शिता, समानता, निष्पक्षता र पारस्परिक सहकार्यमा आधारित हुनुपर्ने आफ्नो स्पष्ट धारणा रहेको बताएको छ । तर, मलेसियामा नेपाली श्रमिकको भर्ना प्रक्रियामा एफडब्लुसिएमएस नामक निजी संस्थामार्फत सीमित संख्याका वैदेशिक रोजगार व्यवसायी संस्थालाई मात्र सूचीकृत गरी अन्य इजाजतपत्र प्राप्त संस्थाहरूलाई प्रक्रियाबाट बाहिर राख्ने वा बजारमा प्रवेशमा प्रतिबन्ध लगाउने प्रयास भइरहेको विषयमा संघको गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

संघले नेपालको संविधानको धारा ५१ (घ) (४) ले आर्थिक क्षेत्रमा निष्पक्षता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्ने नीति अवलम्बन गर्न तथा धारा ५१ (घ) (७) ले कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्ने गतिविधिको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने राज्यको नीति स्पष्ट गरेको स्मरण गराएको छ ।

त्यस्तै, प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३ ले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने सम्झौता तथा बजार प्रवेश रोक्ने अभ्यासलाई निषेध गरेको, प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्न नहुने र एकलौटी कारोबार वा बजार सीमित गर्ने कार्यलाई निषेध गरेको समेत संघले बताएको छ ।

मलेसियामा....

रकम संकलन भएको बताइएको छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम उठाउने अभियानमा कम्पनी सञ्चालक दाता निक्सनले पनि ५ सय रिंगेट प्रदान गरेका छन् ।

अभियानकर्ता चन्दले निक्सनप्रति आभार व्यक्त गर्दै विदेशमा रहेर पनि मातृभूमिमा परेको विपत्तिमा नेपालीहरूले देखाएको एकता, सद्भाव र मानवीय भावना प्रशंसनीय रहेको भन्दै नेपालीहरूको पनि सराहना गरेका छन् ।

विपद्मा आफन्त गुमाएकालाई मनोसामाजिक सहयोग आवश्यक : मन्त्री बादी

काठमाडौं/मस– महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्री सीता बादीले विपद्का कारण परिवारका सदस्य गुमाएका व्यक्तिको मानसिक स्वास्थ्य र सामाजिक पुनःस्थापनालाई उद्धार तथा राहतकै महत्वपूर्ण पक्षका रूपमा अघि बढाउनुपर्ने बताएकी छन् ।

मन्त्रालयमा आयोजित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रममा मन्त्री बादीले नेपाल रेडक्रस सोसाइटीले विपद् सुरु भएदेखि नै प्रभावित क्षेत्रमा पुगेर उद्धार तथा राहतमा पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताइन् । तत्कालै आवश्यकताअनुसार परिचालन भएको रेडक्रसको भूमिकाप्रति उनले धन्यवादसमेत व्यक्त गरिन् ।

मन्त्रालयले विपद् प्रभावित नागरिकका आवश्यकताअनुसार विभिन्न संघ-संस्थासँग समन्वय गरेर काम गरिरहेको जानकारी दिँदै उनले रेडक्रससँगको सहकार्य प्रभावकारी रहेको बताइन् ।

विपदमा आफन्त गुमाएका परिवारका सदस्यमा शोक तथा मानसिक तनावको अवस्था उत्पन्न हुन सक्ने भएकाले उनीहरूलाई मनोसामाजिक परामर्श उपलब्ध गराउनुपर्ने मन्त्री बादीको भनाइ छ । विशेष गरी अभिभावक गुमाएका बालबालिकाको संरक्षणलाई प्राथमिकतामा राख्दै उनीहरू हराउने, बेवारिसे हुने वा अन्य जोखिममा पर्न सक्ने अवस्थाप्रति सम्बन्धित संयन्त्र सचेत रहनुपर्ने उनले बताइन् ।

विपद्को अवस्थामा महिलामाथि हुन सक्ने हिंसाका घटना रोकथाम तथा प्रभावित महिलाको सुरक्षाका लागि मन्त्रालय संवेदनशील रहेको पनि उनले स्पष्ट पारिन् ।

रेडक्रसका संयन्त्रले अभिभावकविहीन बालबालिका तथा हिंसाको जोखिममा रहेका महिलाको पहिचान र संरक्षणमा विशेष भूमिका निर्वाह गर्नुपर्नेमा मन्त्री बादीले जोड दिइन् । आवश्यक सहयोगका लागि मन्त्रालयसँग समन्वय गर्न उनले सम्बन्धित निकायलाई आग्रह गरिन् । प्रभावित क्षेत्रको अवस्था र विपद्बाट पीडित व्यक्तिहरूको पहिचान गर्ने काम भइरहेको जानकारी दिँदै मन्त्री बादीले संकटबाट उत्पन्न समस्या समाधान गर्न राज्य संयन्त्र र नागरिक समाजबीच सहकार्य अपरिहार्य रहेको बताइन् ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सरकारलाई एमालेका ८ सुझाव

काठमाडौं/मस– नेकपा एमालेले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि उत्पन्न मानवीय संकट व्यवस्थापनका लागि सरकारले तत्काल गर्नुपर्ने आठ काम सुझाएको छ ।

एमाले महासचिव शंकर पोखरेलको नेतृत्वमा गएको निरीक्षण टोलीले तयार पारेको 'राहत तथा उद्धार सम्बन्धी सुझाव प्रतिवेदन' आइतबार पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई बुझाएको हो ।

भदौ १० गते आएको बाढीले रसुवा, नुवाकोट र धादिङका रसुवागढी, टिमुरे, स्याफ्रुबेंसी, मैलुङ, बेत्रावती, त्रिशूली, हुंगे र देवीघाटलगायत क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको थियो । महासचिव पोखरेलसहित विष्णु रिमाल, राजन भट्टराई, कृष्णगोपाल श्रेष्ठ, विशाल भट्टराई, पार्वत गुरुङ, विनोद श्रेष्ठ, निरज आचार्य र अमित लामालगायत नेताहरूले प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरेका थिए ।

प्रतिवेदनमा पहिलो सुझावका रूपमा तीनवटै सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिलाई समेटेर तत्काल एकीकृत 'कमान्ड पोस्ट' निर्माण गर्न भनिएको छ । दोस्रो, मुख्य सडक नखुलेसम्म तुइन, फलामे डोरी वा साना अस्थायी पुलमार्फत जोखिममा रहेका क्षेत्रमा खानेपानी, औषधि र खाद्यान्न पुऱ्याउन सुझाव दिइएको छ ।

तेस्रो, निजी क्षेत्रका हेभी इक्युपमेन्ट परिचालन गरी युद्धस्तरमा सडक खुलाउन तथा नदी र खोलामा तत्काल बेलिब्रिज जडान गर्न भनिएको छ । चौथो, टोखा-शिवपुरी-लिखु-तादी-सूर्यगढी-सरनथली हुँदै नवकुण्ड-कालिका-धुन्चे सडक मर्मत गरी सञ्चालनमा ल्याउन सुझाव दिइएको छ ।

पाँचौं, धादिङबाट मध्यपहाडी राजमार्ग हुँदै किस्पाङ-तारकेश्वर भएर रसुवा जाने बाटो मर्मत गरी शीघ्र सञ्चालनमा ल्याउन भनिएको छ । छैटौं, डुबान क्षेत्रका भग्नावशेष र दलदलमा दबिएका शवको खोजी तीव्र बनाउन थप जनशक्ति र आधुनिक उपकरण परिचालन गर्न तथा जलविद्युत् आयोजनाका सुरुङमा फसेका कामदारको शीघ्र उद्धार गर्न सुझाव दिइएको छ ।

सातौं, राहत तथा उद्धारमा सुरक्षा निकायसँगै नागरिक स्वयंसेवक परिचालन गर्न र आठौं, भोटेकोशी तथा त्रिशूली बाढीमा ज्यान गुमाएका र बेपत्ता भएकाको स्मृतिमा पार्क निर्माण गर्न एमालेले सुझाव दिएको छ ।

मानवीय संकटको यस घडीमा राजनीति गर्ने वा प्रक्रियागत विलम्ब गर्ने छुट कसैलाई नरहेको उल्लेख गर्दै एमालेले सरकारको ध्यानाकर्षण गराएको छ । प्रतिवेदनमा विपद्ग्रस्त क्षेत्रको यथार्थ अवस्था र सरकारी संयन्त्रको उपस्थितिबीच ठूलो खाडल रहेको पनि औंल्याइएको छ ।

बाढीपीडितको राहतमा ग्लोबल पर्वत समाजको साथ, ३ लाख २५ हजार सहयोग

निशान्त पाठक/मध्यान्ह
युएई, १४ भदौ

रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि ग्लोबल पर्वत समाजले ३ लाख २५ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ ।

समाजले गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको आकस्मिक बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली तथा पीडित परिवारप्रति समवेदना प्रकट गरेको छ ।

विपद्का कारण ठुलो जनधनको क्षति भएको उल्लेख गर्दै ग्लोबल पर्वत समाजले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३ लाख २५ हजार रुपैयाँ प्रदान गर्ने निर्णय गरेको छ ।

समाजले विपद्को यस कठिन घडीमा पीडितहरूको उद्धार तथा राहतका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाएको छ ।

समाजका अनुसार सामाजिक भावना, मानवीय सेवा र समवेदनालाई प्राथमिकतामा राख्दै स्थापना भएको ग्लोबल पर्वत समाजले विपद्मा परेका नागरिकलाई राहत र पुनर्स्थापनामा सहयोग पुऱ्याउनु आफ्नो सामाजिक दायित्वका रूपमा लिएको छ ।

यसैबीच, समाजले देश तथा विदेशमा रहेका नेपालीहरू र सहयोगी मनहरूलाई समेत आफ्नो क्षमताअनुसार राहत तथा उद्धार अभियानमा सहभागी हुन अपिल गरेको छ ।

विपद्को समयमा सबैको एकता, सहयोग र सहकार्यबाट पीडित परिवारलाई ठुलो राहत पुग्ने समाजको विश्वास छ । 'विपद्को घडीमा हातेमालो गरौं, पीडितलाई साथ दिऔं' भन्ने सन्देशसहित ग्लोबल पर्वत समाजले सम्पूर्ण सहयोगी मनहरूसमक्ष मानवीय सहयोगका लागि अपिल गरेको छ ।

नारायणीमा शवसँगै बाढीको कहर, सुस्ता जोखिममा

बिनोद निगम/मध्यान्ह
नवलपरासी, १४ भदौ

पश्चिम नवलपरासीको गण्डक क्षेत्रमा बाढीको त्रास झन् बढेको छ । रसुवा क्षेत्रमा आएको भीषण बाढीले त्रिशूली हुँदै नारायणी नदीमा बगाएर ल्याएका ५४ शव र मानव शरीरका २८ विभिन्न अंग पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा फेला परेका छन् । नारायणीमा पानीको बहाव अझै उच्च रहेकाले थप मानव अवशेष भेटिन सक्ने आशंका गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका अनुसार शनिबार बिहान १० बजेसम्म फेला परेका ५४ शवमध्ये १६ महिला, ३४ पुरुष, एक बालक र तीन बालिका रहेका छन् । लामो समय नदीमा बगेका कारण अधिकांश शव क्षतविक्षत अवस्थामा फेला परेका छन् । शवको अनुहार तथा शरीरका विभिन्न भागमा क्षति पुगेकाले पहिचान गर्न कठिनाइ भइरहेको प्रहरीले जनाएको छ ।

मानव अवशेषको संख्या बढ्दै गएपछि शव राख्ने ठाउँको समेत अभाव भएको छ । त्यसपछि भैरहवा, बुटवल, कपिलवस्तु र परासीका अस्पतालमा ८२ वटा शव तथा मानव अंग सुरक्षित राखिएको प्रहरीले जनाएको छ । प्रहरीले शव तथा अंगको मुचुल्का तयार गरी सम्भावित बेपत्ता व्यक्तिका परिवार र सम्बन्धित जिल्लाका प्रहरीसँग समन्वय गर्दै सनाखतको प्रक्रिया अघि बढाएको छ ।

हालसम्म गोरखा पालुङटार नगरपालिका-७ का २८ वर्षीय समी कुमालको शव मात्र सनाखत भएको छ। सनाखतपछि उनको शव परिवारलाई बुझाइएको प्रहरीले जनाएको छ । अन्य शवको पहिचानका लागि बेपत्ता व्यक्तिको विवरण संकलन गरी सम्बन्धित परिवार तथा प्रहरी कार्यालयसँग समन्वय भइरहेको छ। नारायणी नदीमा शव र मानव अंगसँगै काठ-दाउरा, ग्यास सिलिन्डर, घरायसी सामान तथा अन्य बाढीजन्य सामग्री समेत बगिरहेका छन् । नदीको तीव्र बहावले माथिल्लो क्षेत्रमा भएको क्षतिको अवशेष तल्लो तटीय क्षेत्रमा पुऱ्याइरहेको छ ।

नदी किनारमा शव तथा अन्य सामग्री देखिन थालेपछि स्थानीयमा त्रास बढेको छ। कतिपय स्थानमा स्थानीयले बाढीले बगाएर ल्याएका काठ-दाउरा संकलन गरिरहेका छन् । सुरक्षाकर्मीले भने मानव अवशेष भेटिन सक्ने भएकाले सावधानी अपनाउन आग्रह गरेका छन् ।

नारायणी नदीको बहावसँगै बगेका मानव अवशेष सीमापारि भारतसम्म पुगेका छन्। भारतीय सञ्चारमाध्यमका अनुसार महाराजगन्ज क्षेत्रमा तीन बालक, तीन महिला र एक पुरुष गरी सात शव फेला परेका छन् ।

नेपालको सुस्तादेखि भारतको महाराजगन्जसम्म शव भेटिनुले बाढीको प्रभाव कति व्यापक बनेको छ भन्ने देखाएको छ । नेपाल र भारतमा भेटिएका शव एउटै बाढीमा बगेका हुनसक्ने भएकाले सम्बन्धित निकायबीच समन्वय गरी पहिचान प्रक्रिया अघि बढाउनुपर्ने देखिएको छ ।

यसैबीच आइतबार नारायणी नदीको जलस्तर बढेसँगै सुस्ता गाउँपालिकाका तटीय बस्तीमा डुबानको जोखिम बढेको छ । स्थानीयका अनुसार सुस्ताको थारू टोलमा बाढी घरभित्रै पसिसकेको छ ।

घरभित्र पानी पसेपछि स्थानीय वासिन्दा त्रसित बनेका छन् । नदीको बहाव थप बढेमा अन्य घर तथा बस्तीसमेत डुबानमा पर्न सक्ने जोखिम छ। स्थानीयले जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउन र उद्धारका लागि आवश्यक तयारी तीव्र पार्न प्रशासनसँग आग्रह गरेका छन् ।

नारायणीमा बाढीको बहाव उच्च रहेकै अवस्थामा गण्डक ब्यारेजका सबै ३६ वटा ढोका खोलिएका छन् । पछिल्लो विवरणअनुसार ब्यारेजमा १ लाख ७७ हजार ८ सय क्युसेक पानीको बहाव रहेको छ ।

ब्यारेजका सबै ढोका खोलिएपछि तल्लो तटीय क्षेत्रमा थप सतर्कता आवश्यक देखिएको छ। उच्च बहावका कारण सुस्ता लगायत नारायणी नदी आसपासका होचा तथा तटीय बस्तीमा डुबानको जोखिम थप बढेको छ । जिल्ला प्रहरी कार्यालय तथा सुरक्षा निकायले नारायणी नदीमा बोटमार्फत खोजी तथा उद्धार अभियान जारी राखेका छन् । नदीमा पानीको बहाव उच्च रहेकाले थप शव तथा मानव अवशेष भेटिन सक्ने अनुमान गरिएको छ ।

प्रहरीले नदी किनारमा शव वा मानव शरीरका अंग भेटिएमा आफैं व्यवस्थापन नगरी तत्काल प्रहरीलाई खबर गर्न आग्रह गरेको छ । भेटिएका मानव अवशेषलाई सुरक्षित रूपमा अस्पताल पुऱ्याएर आवश्यक कानुनी प्रक्रिया पूरा गर्ने तथा पहिचानपछि सम्बन्धित परिवारलाई बुझाउने काम भइरहेको छ ।

गण्डक क्षेत्रमा बाढीले निम्त्याएको मानवीय संकटसँगै तटीय बस्तीमा डुबानको जोखिमसमेत बढ्दै गएको छ । एकातिर नदीमा बगाएर ल्याइएका मानव अवशेषको पहिचान र व्यवस्थापन चुनौती बनेको छ भने अर्कोतर्फ उच्च बहावका कारण सुस्ता तथा नारायणी किनारका बस्ती जोगाउनु प्रशासनका लागि अर्को ठुलो चुनौती बनेको छ ।

दोलखामा बृहत् रक्तदान कार्यक्रम, १५ पिन्ट रगत संकलन

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, १४ भदौ

'रक्तदान गरौं, जीवन बचाऔं, मानवता जोगाऔं' भन्ने मूल नाराका साथ दोलखाको सदरमुकाम चरिकोटस्थित सातदोबाटोमा आयोजित बृहत् खुला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । उज्यालो भविष्य, दोलखाको आयोजनामा नेपाल स्वयंसेवी रक्तदाता समाज, जिल्ला शाखा दोलखा र नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा दोलखाको सहकार्य तथा प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

भीमेश्वर नगरपालिकाका नगरप्रमुख ईश्वरनारायण मानन्धरको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा १५ पिन्ट रगत संकलन भएको आयोजकले जनाएको छ । कार्यक्रममा विभिन्न क्षेत्रका नागरिक तथा स्वयंसेवी रक्तदाताहरूले उत्साहपूर्वक सहभागिता जनाउँदै रक्तदान गरेका थिए । संकलित रगतले जिल्लामा उपचाररत बिरामी तथा आकस्मिक अवस्थामा रगत आवश्यक पर्ने व्यक्तिहरूको उपचारमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

कार्यक्रममा सहभागीहरूले रक्तदान स्वास्थ्य सेवासँग मात्र नभई मानवीय सेवा र सामाजिक उत्तरदायित्वसँग समेत जोडिएको महत्वपूर्ण अभियान भएको बताएका थिए । दुर्घटना, शल्यक्रिया, प्रसूति तथा विभिन्न स्वास्थ्य समस्याका कारण जुनसुकै बेला रगतको आवश्यकता पर्न सक्ने भएकाले नियमित रूपमा रक्तदान अभियान सञ्चालन गर्नुपर्नेमा उनीहरूले जोड दिएका थिए ।

आयोजकका अनुसार कार्यक्रमले जिल्लामा रक्तदानसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै युवापुस्ता तथा आम नागरिकलाई स्वयंसेवी रक्तदानतर्फ आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

उज्यालो भविष्य, दोलखाका अध्यक्ष राजन बस्नेतले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण रक्तदाता, अतिथि, नेपाल स्वयंसेवी रक्तदाता समाज, नेपाल रेडक्रस सोसाइटी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सहयोगीप्रति धन्यवाद व्यक्त गरेका छन् । उनले आगामी दिनमा पनि मानवीय सेवा, सामाजिक उत्तरदायित्व तथा जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा भीमेश्वर नगरपालिकाका प्रवक्ता तथा वडा नम्बर ४ का वडाध्यक्ष तारानाथ चौलागाईं, जिल्ला प्रहरी कार्यालय दोलखाका प्रमुख मनोजकुमार लामा, नेपाली सेनाका कर्नेल लोकसागर कटवाल, सशस्त्र प्रहरी बल दोलखाका प्रमुख सुरेश कोइराला, प्रमुख अनुसन्धान अधिकृत धीरज बानियाँलगायतको उपस्थिति रहेको थियो ।

रक्तदान कार्यक्रमले 'रक्तदान जीवनदान, मानवताको महान अभियान'भन्ने सन्देशलाई थप प्रभावकारी बनाउँदै समाजमा सहयोग र मानवीय सेवाको भावना विकास गर्न सकारात्मक योगदान पुऱ्याएको आयोजकले जनाएको छ ।

नबिल बैंक लिमिटेड, किर्तिपुर शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०५/१५)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/१०/०७ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्युाँट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा किर्तिपुर शाखा, काठमाडौंको** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

प्राइभेट कम्पनी रजिष्ट्रेशन ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय मिति २०७६-१०-०२ मा प्रा.फ.र.नं २३२५६०/०७६/०७७ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **ग्रुप अन ट्रेडिङग प्रा.लि** ।

ठेगानाः काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ३२ सुविधानगर ।

कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरणः

१. रामजनम साह रौनियारको नाति, राम एकवाल साह रौनियारको छोरा रौतहट जिल्ला गढो गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ३२ बस्ने, ना.प्र.नं. ३२१०२२/९९५ (जारी मितिः २०६६-०६-२१, स्थान रौतहट) भएको **दिलिप कुमार साह रौनियार** ।

२. जानकी साह तेलीको नाति, नन्दकेशर साह तेलीको छोरा सप्तरी जिल्ला कोचावखारी न.पा वडा नं. ०८ बस्ने, ना.प्र.नं. ४८९३ (जारी मितिः २०५९-१०-०९, स्थान सप्तरी) भएको **राजेश्वर साह** ।

३. रामजनम साहकी बुहारी, बुद्धावन साहकी छोरी, राम एकवाल साह रौनियारकी पत्नी, रौतहट जिल्ला गढो गा.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३२३०२२/८४४ (जारी मितिः २०६३-१०-१९, स्थान रौतहट) भएको **गिता देवी** ।

४. विलट साहको नाति, जानकी साह तेलीको छोरा सप्तरी जिल्ला कोचावखारी न.पा वडा नं. ०८ बस्ने, ना.प्र.नं. ४९७२१४८२ (जारी मितिः २०४४-१२-२८, स्थान सप्तरी) भएको **नन्द केशर साह तेली**।

५. पुन बहादुर कोजुको नाति, पुरुषोत्तम कोजुको छोरा भक्तपुर जिल्ला सिपाडोल गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल भक्तपुर जिल्ला सुर्यविनायक.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. २९-०१-७०-०३००५ (जारी मितिः २०७०-०६-१४, स्थान भक्तपुर) भएको **पुजन कोजु** ।

६. पुन बहादुर कोजुकी बुहारी, पुरुषोत्तम कोजुकी श्रीमती, इन्द्र कुमार श्रेष्ठकी छोरी भक्तपुर जिल्ला सिपाडोल गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल भक्तपुर जिल्ला सुर्यविनायक.न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ७/१०२८ (जारी मितिः २०५०-०७-२४, स्थान भक्तपुर) भएकी **कृष्ण कुमारी कोजु** ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

१. सप्तरी जिल्ला कोचावखारी न.पा वडा नं. ०८ बस्ने **नन्द केशर साह तेली** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला कोचावखारी गा.वि.स. वडा नं. ०८ नक्सा सिट नं ८क मा अवस्थित कि.नं. क्रमश ८३९, १६१३ क्षेत्रफल क्रमश २०८२.६३, १३२९.१६ व.मि जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. पुजन कोजु/ कृष्ण कुमारी कोजु को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला कटुन्जे न.पा. वडा नं. ०८ नक्सा सिट नं ८ख मा अवस्थित कि.नं. क्रमश २७७८, २७७६ क्षेत्रफल क्रमश ७१.५३, २३.८५ व.मि घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. रौतहट जिल्ला गढो गा.पा. वडा नं. ०८ बस्ने **गिता देवी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला सिमराभवानीपुर न.पा. वडा नं. ०२ नक्सा सिट नं २ मा अवस्थित कि.नं. ७११ क्षेत्रफल ८४.६६ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४. सप्तरी जिल्ला कोचावखारी न.पा वडा नं. ०८ बस्ने **राजेश्वर साह** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाण्डौं जिल्ला किर्तिपुर, न.पा. वडा नं. १५ नक्सा सिट न १०२१२६१०५ मा अवस्थित कि.नं. १३१, १३९ क्षेत्रफल ७४.००, २८.०० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा किर्तिपुर शाखा, काठमाडौं** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०५/२९ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा किर्तिपुर शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/३० गते ३:०० बजे बैंकको **किर्तिपुर शाखा, काठ**माडौंमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **किर्तिपुर शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

ढिलो निर्णयको मूल्य

रसुवाको विनाशकारी बाढीले ठुलो मानवीय संकट निम्त्याएको छ । जलविद्युत् आयोजनाका सुरूङमा फसेका सयौं मानिसको पाँच दिनसम्म उद्धार हुन सकेको छैन । परिवारजन आफन्तको खबर पर्खिरहेका छन् । उनीहरूले सरकारले उद्धारमा ढिलाइ गरेको भन्दै पीडा पोखिरहेका छन् । त्यसै पनि विपदका बेला समय निकै ठुलो महत्त्व हुन्छ । केही घण्टाको ढिलाइले पनि जोखिम बढाउन सक्छ । सुरूङभित्र फसेका मानिसको अवस्था अज्ञात भइरहँदा राज्यले उपलब्ध उपायबाट तत्काल पार लाग्ने स्थिति नभएमा अन्तर्राष्ट्रिय सहयोगका लागि अपिल गर्नुपर्थ्यो । तर, जटिल सुरूङ उद्धारका लागि स्वदेशी तथा विदेशी रेस्क्यु टोली र उपकरण परिचालन गर्न पाँच दिन लाग्यो । चिलिमे जलविद्युत् आयोजनाको सुरूङमा फसेका ६ जनामध्ये दुईजनाको शव आइतबार भारतीय र नेपाली सेनाको संयुक्त उद्धार टोलीले बाहिर निकाले । यसले अरू सुरूङको अवस्थाप्रति चिन्ता बढाएको छ ।

विनाशकारी विपत्तिमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले निर्वाह गरेको भूमिका प्रशंसनीय छ । सीमित स्रोतसाधनका बाबजुद सुरक्षाकर्मी जोखिम मोलेर उद्धारमा खटिएका छन् । नेपाली उद्धारकर्मीले आफ्नो क्षमताले भ्याएसम्म काम गरेका छन् । उनीहरूको साहस र समर्पणको सम्मान गर्नुपर्छ । तर, सरकार भने समयमै निर्णय लिनबाट चुकेको देखिन्छ । सुरूङ उद्धारमा नेपालसँग पर्याप्त दक्ष जनशक्ति, विशेष उपकरण र अनुभव सीमित छ भने त्यसको विकल्प खोज्नु सरकारको जिम्मेवारी हो । भारत, चीन, दक्षिण कोरिया, बेलायत र अस्ट्रेलियालगायत देशबाट सहयोगको प्रस्ताव आएको अवस्थामा आवश्यक सहयोग लिन ढिलाइ गर्नु उचित हुँदैनथ्यो । विपदका बेला विदेशी सहयोग लिनुलाई कुनै राष्ट्रको कमजोरी मानिँदैन । किनभने नागरिकको जीवन बचाउनु राज्यको पहिलो दायित्व हो । आफ्नै स्रोतसाधनले सम्भव भएसम्म उद्धार गर्नुपर्छ । तर, आफ्नै क्षमताले नपुग्ने अवस्थामा बाह्य सहयोग लिन हिचकिचाउनुहुँदैन ।

ढिलै भए पनि सरकारले भारत र चीनसँग सुरूङ उद्धारका लागि विशेष टोली मगाएको छ । अब ढिलाइ नगरी सुरूङभित्र रहेका प्रत्येक व्यक्तिको जीवन बचाउने गरी उद्धार अभियान युद्धस्तरमा अघि बढाउनुपर्छ । आवश्यक उपकरण, विशेषज्ञ र जनशक्ति जहाँबाट ल्याउनुपर्छ, तत्काल ल्याउनुपर्छ । राज्यका सबै संयन्त्रबीच प्रभावकारी समन्वय हुनुपर्छ । बाढीले निम्त्याएको विपत्ति हाम्रो नियन्त्रणमा थिएन । तर, विपत्तिपछिको उद्धारमा हुने ढिलाइ भने हाम्रो निर्णय र क्षमतासँग जोडिन्छ । भोलि ठुलो मानवीय क्षति भयो भने त्यसको जिम्मेवारीबाट राज्य पन्छिन सक्दैन । त्यसैले अहिलेको मुख्य प्राथमिकता सुरूङभित्र रहेका सबैलाई सकुशल बाहिर निकाल्नु हो । सरकारले अब कुनै ढिलाइ नगरोस् ।

मानवीय लापरबाहीले निम्त्याएको विपत्ति

प्राकृतिक प्रकोप शतप्रतिशत रोक्न नसकिए पनि मानवीय लापरबाही, अव्यवस्थित बस्ती, कमजोर पूर्वाधार र पूर्वतयारीको अभावले क्षति बढाएको छ । विपत्तिलाई केवल दैवको लीला वा भाग्य नमानी संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा पूर्वसूचना, वैज्ञानिक भू-उपयोग र सुरक्षित बस्ती निर्माणमार्फत क्षति न्यूनीकरण गर्ने राज्य र नागरिक दुवै जिम्मेवार बन्नुपर्छ ।

अग्रलेख

● डा. देवीप्रसाद आचार्य

प्रकृति मानव तथा हरेक जीवजन्तुको आश्रयस्थल हो । विश्वजगत्मा कुनै पनि देश प्राकृतिक विपद्बाट शतप्रतिशत सुरक्षित छैन । हरेक देशमा कुनै न कुनै प्रकारका प्राकृतिक प्रकोपहरू आइरहन्छन् । प्रकृतिले कहिलेकाहीँ आफ्नो शक्ति देखाउँछ । भूकम्पले धर्ती हल्लाउँछ, बाढीले बस्ती डुबाउँछ र विशाल मानव संरचनाहरू बगाउँछ । डढेलोले वन सखाप पार्छ । यस्ता आपत्तिहरूलाई हामीले प्रायः दैवको लीला वा प्राकृतिक विपत्ति भनेर सहजै स्वीकार गरी व्यहोर्दै आएका छौं । हाम्रो देशको सुन्दर भौगोलिक बनोटभित्र प्राकृतिक जोखिम पनि त्यत्तिकै डरलाग्दो र भयावह छ । हिमाल, पहाड, तराई, भिर, पाखा, तालतलैयाका साथै लगभग ६ हजार नदीनाला रहेको नेपालमा भौगोलिक विविधतासँगै विपदका स्वरूप पनि भिन्न छन् । पहाडी भूभागमा बाढी र पहिरोको निरन्तर डर छ भने तराईका सम्म मैदानहरूमा डुबानको त्रास कायमै रहन्छ । प्रत्येक वर्ष बर्खायाम सुरु भएसँगै बाढी, पहिरो र डुबानका कारण ठुलो परिमाणमा धनजनको क्षति व्यहोर्नु नेपाली समाजको नियति नै बनेको छ ।

अव्यवस्थित बस्ती विकास, कमजोर पूर्वाधार निर्माण, अवैज्ञानिक सडक निर्माण, जोखिमयुक्त भू-उपयोग तथा विपद् पूर्वतयारीको घोर अभावजस्ता मानवीय लापरबाहीहरू नै प्राकृतिक प्रकोपलाई विनाशकारी बनाउने प्रमुख कारक हुन् । भर्खरै चीन क्षेत्रको हिमाली भेगमा गएको हिमपहिरोका कारण लेन्दे खोलाको बहाव अवरुद्ध भई बनेको अस्थायी जलाशय अचानक फुट्दा ठुलो परिणाममा बाढी उर्लिएर आयो । यो बाढीमा केवल पानी मात्र थिएन, बरु ढुंगा, माटो, चट्टान र गग्रेटा एकैपटक मिसिएर लेदोका रूपमा बगेको थियो । भोटेकोशी र त्रिशूली नदीमा उर्लिएको उक्त भेलले तटीय क्षेत्रमा अभूतपूर्व विध्वंस मच्चायो । रसुवाको टिमुरे, रसवागढी र स्याफ्रुबेसीदेखि नुवाकोटका विभिन्न बजार हुँदै धादिङसम्मका घर, बजार, पुल, सडक, जलविद्युत् संरचना लगायत जीविकोपार्जनका आधारहरू तहसनहस भए । ठुलो संख्यामा मानिसहरूले अकालमा ज्यान गुमाउनुपऱ्यो भने सयौं परिवार विस्थापित बने ।

कुनै पनि प्राकृतिक दुर्घटनालाई केवल 'दैवी प्रकोप' वा प्राकृतिक नियति मात्र मानेर राज्य र समाज पन्छिन मिल्दैन । हिमाली क्षेत्रमा तीव्र बन्दै गएको जलवायुजन्य जोखिम, कमजोर पूर्वसूचना प्रणाली र जोखिमयुक्त विकास पद्धतिको कडा चेतावनीका रूपमा यस घटनालाई बुझ्नुपर्छ । नेपाली समाजमा विगतमा आइरहने विभिन्न प्रकारका प्राकृतिक प्रकोपहरूलाई जस्तै यसपटक पनि प्रकृतिलाई मात्र दोष दिएर बस्ने हो भने जोखिमयुक्त बस्तीहरूले भविष्यमा अझ भयावह आपत्तिहरू व्यहोर्दै जानुपर्ने अवस्था आउँछ । यस घटनाबाट राज्य, नागरिक लगायत सम्बन्धित सम्पूर्ण निकायहरूले गम्भीर पाठ सिकी विपद् न्यूनीकरणको क्षेत्रमा ठोस कदम चाल्नु अपरिहार्य भएको छ ।

शासकीय दायित्व र नागरिक सचेतना

मानव विकासक्रमसँगै समाजले प्रकृतिका विभिन्न रूपहरू झेल्दै, सहँदै र व्यहोर्दै आएको छ । भूकम्प, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, डुबान, शीतलहर, लु र आगजनीजस्ता विपत्तिहरू समय-समयमा आउने गरेका छन् र आइरहनेछन् । प्राकृतिक प्रकोपलाई प्रकृतिको नियम मानिए पनि यसबाट हुने मानवीय र भौतिक क्षतिलाई भने व्यवस्थित योजनाद्वारा न्यूनीकरण गर्न सकिन्छ । विपत्तिको दोष केवल प्रकृतिलाई दिएर राज्य आफ्नो दायित्वबाट उम्कन पाउँदैन ।

एकातिर जोखिमयुक्त ठाउँमा बस्ती बसाउनु नागरिकको सचेतनाको कमी हो भने अर्कोतिर त्यस्ता संवेदनशील ठाउँहरूमा निर्माण स्वीकृति दिनु सरकारको लापरवाही हो । पूर्वसूचनालाई बेवास्ता गर्नु नागरिकको गल्ती हो भने पूर्वसूचना प्रणालीलाई समयमा नै जनताको घरदैलोमा पुऱ्याउन नसक्नु राज्यको संरचनागत कमजोरी हो । यसरी विश्लेषण गर्दा प्राकृतिक प्रकोप आउनुभन्दा अगाडि राज्यको फितलो क्षमता, शासकीय जिम्मेवारीको अभाव र जनचेतनाको कमीका कारण नै मुलुकले ठुलो क्षति व्यहोर्नुपरेको प्रस्ट हुन्छ ।

प्राकृतिक विपत्तिलाई न्यूनीकरण गर्ने सबैभन्दा प्रभावकारी र भरपर्दो उपाय भनेको पूर्वतयारी नै हो । अहिले गाउँगाउँमा पुगेका स्थानीय सरकारहरूलाई काठमाडौंको सिंहदरबारलाई भन्दा आफ्नो क्षेत्रको भूगोल र जोखिमबारे बढी ज्ञान हुन्छ । यस सन्दर्भमा स्थानीय तहहरूले आफ्नो भूगोलभित्रका जोखिमयुक्त ठाउँहरूको अध्ययन र पहिचान गरी त्यस्ता संवेदनशील क्षेत्रमा व्यक्तिगत घर निर्माण गर्न स्वीकृति दिनुहुँदैन । विद्यालय, अस्पताल र सरकारी कार्यालयजस्ता सार्वजनिक संरचना जोखिमयुक्त स्थानमा निर्माण गर्न पूर्ण रूपमा रोक लगाउनुपर्छ । भइसकेका संरचनालाई क्रमशः सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने स्पष्ट नीति लिनुपर्छ । साथै विद्यालय तहदेखि नै विपद् व्यवस्थापन र सुरक्षाका विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरी व्यावहारिक शिक्षण सिकाइ सञ्चालन गर्नुपर्छ ।

मौसमी सक्रियता र कार्यशैलीमा सुधार

हाम्रो समाजले बर्सौंदेखि विभिन्न प्रकारका प्राकृतिक प्रकोपहरू व्यहोर्दै आएको भए पनि न त जनताको पक्षबाट पर्याप्त पूर्वतयारी भएको देखिन्छ, न त राज्यका तर्फबाट नै । 'जसै पऱ्यो राति तब ... ताती' भनेझैं राज्यले बर्खायाम लागेर प्रलय आइलागेपछि मात्र उद्धार र राहतका कुरा गर्ने गर्दछ । बर्खा सिद्धिएसँगै राज्य र यसका संयन्त्रहरू कानमा तेल हालेर बस्ने परिपाटी पुरानै हो । एकातिर राज्यले विपद् व्यवस्थापनका लागि पूर्वतयारी र पूर्वसूचनाको दिगो संरचना बनाएको पाईंदैन भने अर्कोतिर समाजमा पनि प्रकृतिले निम्त्याउने समस्याहरूलाई न्यूनीकरण गर्ने वैज्ञानिक ज्ञान र सीपको अभाव छ ।

मुलुकमा जब कुनै ठुलो प्राकृतिक आपत्ति आउँछ, तब केही हप्ता उक्त विषयमा ठुलो हल्लाखल्ला हुन्छ । सरकारको व्यापक आलोचना हुन्छ, पीडितहरूको विचल्ली पत्रपत्रिका र सञ्चारमाध्यमका मुख्य समाचार बन्छन् । सरकारका औपचारिक वक्तव्यहरू आउँछन्, तत्कालीन राहत बाँडिन्छ अनि बर्खायामको अन्त्यसँगै सबै कुरा बिर्सिने गरिन्छ । बाढी, पहिरो र डुबानबाट विस्थापित भएका पीडितहरूको विचल्ली कायम रहन्छ, तर सरकार चुपचाप बस्छ । आगामी वर्ष फेरि त्यस्तै प्रलय दोहोरिन सक्छ भन्ने कुरा न त राज्यले समयमा सम्झन्छ, न त नागरिकहरूले नै सुरक्षित उपायहरू अवलम्बन गर्छन् ।

नेपालमा प्रायः हरेक पहाडको फेदमा नदीहरू बगेका छन् र अधिकांश राजमार्ग पनि तिनै नदी किनार र पहाडका फेदमा निर्माण गरिएका छन् । जब अनवरत वर्षा हुन्छ, तब राजमार्गहरूमा पहिरो जाने, सडक भासिने र आवतजावत पूर्ण रूपमा अवरुद्ध हुने गर्दछ । नदीमा आएको बाढीले पुलहरू भत्काउँछ र हजारौं यात्रुहरू बीच बाटोमै अलपत्र पर्ने गर्छन् । कतिपय स्थानमा चलिरहेका सवारी साधनमाथि पहिरो र ढुंगा खसेर यात्रुहरूले अकालमा ज्यान गुमाउनुपरेका दुःखद घटना बारम्बार भइरहन्छन् ।

देशमा राष्ट्रिय आपत्कालीन संकट व्यवस्थापन कार्यालयजस्ता प्रशासनिक निकायहरू त छन्, तर यी संयन्त्रहरूको नाम आपत् आइलागेपछि मात्र सुन्न पाइन्छ । मुलुकमा ठुला राजनीतिक परिवर्तनहरू भए पनि प्रशासनिक कार्यशैली र सोचमा अपेक्षित परिवर्तन हुन सकेको छैन । कार्यालयका साइनबोर्डहरू फेरिए पनि राज्यको चिन्तन, पूर्वतयारीको शैली र कार्यसम्पादन उही परम्परागत नै छ । फलस्वरूप बर्सेनि सयौं निर्दोष जनताले प्राकृतिक प्रकोपका नाममा ज्यान गुमाउन बाध्य भइरहेका छन् ।

भाग्यवादी सोचको अन्त्य र नदी व्यवस्थापन

हाम्रो समाजमा कुनै पनि ठुलो आपत्ति आइलागेपछि त्यसलाई पूर्वजन्मको पाप वा आफ्नो भाग्यलाई दोष दिने अन्धविश्वासी चलन अझै कायमै छ । बाढी, पहिरो, डुबान र जनधनको क्षतिलाई भाग्यसँग जोडेर चित्त बुझाउनुको सट्टा यसको वैज्ञानिक न्यूनीकरण र स्थायी समाधानका उपायहरू खोज्नु आजको आवश्यकता हो । नदी तथा खोलाको प्राकृतिक बहाव क्षेत्र मिचेर बस्ती बसाउने कार्यलाई कडाइका साथ रोक्नुपर्छ । खोला र नदीका छेउमा देशव्यापी रूपमा रूखहरू लगाइनुपर्छ । खोला किनारहरूमा वैज्ञानिक तटबन्ध निर्माण गर्ने र नदीको भू-उपयोग नीतिलाई कडाइका साथ लागू गर्ने कार्य हुनुपर्छ । प्रकृतिको दोहन रोक्दै वातावरणीय सन्तुलन कायम राख्न सकियो भने मात्र यस्ता मानवीय क्षतिहरूलाई नियन्त्रण गर्न सकिन्छ ।

त्यसो त प्रकृतिजन्य विपत्ति न्यूनीकरण गर्ने काम राज्यको मात्र होइन । यो राज्य, गैरसरकारी क्षेत्र र आम नागरिकको सामूहिक प्रयास, चेतना र पूर्वतयारीले मात्र सम्भव हुने विषय हो । आज मुलुकमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरू क्रियाशील छन् । यी तीनै तहका सरकारहरूले समन्वय गरेर काम गर्नुपर्छ ।

संघ, प्रदेश र स्थानीय तहको समन्वय

विपद् व्यवस्थापनका लागि तीनवटै सरकारको दायित्व स्पष्ट हुनुपर्छ । संघीय सरकारले प्रस्ट राष्ट्रिय नीति, पर्याप्त बजेट विनियोजन, वैज्ञानिक अनुसन्धान तथा अत्याधुनिक पूर्वसूचना प्रणालीको प्रबन्ध गर्नुपर्छ । प्रदेश सरकारले प्रादेशिक तहमा उद्धार तथा राहतका लागि साधनस्रोतसम्पन्न द्रुत प्रतिक्रिया टोली गठन गर्ने र मध्यस्तरीय पूर्वाधारको सुरक्षामा ध्यान दिनुपर्छ ।

स्थानीय तहले आफ्नो क्षेत्रको भू-बनोट र जोखिम पहिचान गरी सुरक्षित बस्ती विकास गर्ने, भवन निर्माण मापदण्ड कडाइका साथ लागू गर्ने र समुदायस्तरमा निरन्तर विपद् सचेतना जगाउने काम गर्नुपर्छ । नागरिकले पनि विगतका दुर्घटना र इतिहासबाट पाठ सिकेर जोखिमयुक्त ठाउँमा घर बनाउने, व्यापार गर्ने वा बस्ने जोखिम लिनु हुँदैन । घर, परिवार र सिंगो समाजलाई सुरक्षित राख्न सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवार र नतिजामुखी भूमिका खेल्नु नै विपद् न्यूनीकरणको एकमात्र स्थायी मार्ग हो ।

कृषिबाट टाढिँदै युवा

कृषि

● आरपी गैरे

नेपाल उर्वर माटो र कृषिप्रधान पहिचान भएर पनि अन्न आयातमा अर्बौं रूपैयाँ बाहिर पठाउन बाध्य छ । किसानले भोग्नुपरेका मल, बीउ, सिँचाइ, बजार र प्राकृतिक विपत्तिका जोखिमलाई राज्यले सम्बोधन गर्नुपर्छ । प्रविधि, कृषि ऋण, चिस्यान केन्द्र र न्यूनतम समर्थन मूल्यको सुनिश्चिततासहित कृषिलाई आधुनिक र नाफामूलक बनाएर युवापुस्तालाई आकर्षित नगरेसम्म देश खाद्यान्नमा आत्मनिर्भर बन्न सक्दैन ।

नेपाललाई कृषिप्रधान देश भनिन्छ । विद्यालयका पाठ्यपुस्तकदेखि राजनीतिक भाषणसम्म नेपाललाई कृषिको अपार सम्भावना भएको देशका रूपमा चित्रण गरिन्छ । तर, विडम्बना के छ भने, कृषिप्रधान भनिएको यही देश आज आफ्ना नागरिकलाई आवश्यक पर्ने खाद्यान्नका लागि समेत ठुलो परिमाणमा विदेशको भर पर्न बाध्य छ । बर्सेनि अर्बौं रुपैयाँ विदेशतिर पठाएर चामल, गहुँ, मकै, तरकारी, फलफूल, तेलहन तथा अन्य खाद्यवस्तु आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यो केवल आर्थिक समस्या मात्र होइन, राष्ट्रिय आत्मनिर्भरतासँग जोडिएको गम्भीर प्रश्न पनि हो ।

नेपालको माटो उर्वर छ, विभिन्न भौगोलिक क्षेत्रमा फरक-फरक प्रकारका कृषि उत्पादन गर्न सकिन्छ । हिमाल, पहाड र तराईको विविधताले कृषिमा अपार सम्भावना बोकेको छ । कतै फलफूल र जडीबुटीको सम्भावना छ, कतै अन्नबालीको, कतै तरकारी तथा पशुपालनको । पर्याप्त पानी, श्रमशक्ति, जैविक विविधता र बजारको सम्भावना हुँदाहुँदै पनि नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर बन्न नसक्नु दुःखद विषय हो । यसको मूल कारण किसानको अभाव होइन, किसानप्रतिको राज्यको दृष्टिकोण, कमजोर नीति कार्यान्वयन र कृषिलाई प्राथमिकताको विषय बनाउन नसक्नु हो ।

कृषिका वास्तविक मालिक किसान हुन् । किसानबिना कृषिकर्मको कल्पना गर्न सकिँदैन । खाद्यान्नबिना मानव जीवन सम्भव छैन । तर, जीवन धान्ने अन्न उत्पादन गर्ने किसानकै जीवन भने असुरक्षित र कठिन बन्न पुगेको छ । खेतमा पसिना बगाउने किसानलाई कहिले मलको चिन्ता छ, कहिले बीउको । कहिले सिँचाइको समस्या छ, कहिले बजारको । उत्पादन भएपछि उचित मूल्य नपाउने चिन्ता छुट्टै छ । यस्तो अवस्थामा कृषिलाई व्यवसाय बनाउने भन्दा पनि जोखिमपूर्ण पेसाका रूपमा हेर्न थालिएको छ ।

मल, बीउ र प्रविधिमा समस्या

नेपालका किसानले हरेक वर्ष दोहोर्याएर भोग्ने सबैभन्दा ठुलो समस्या रासायनिक मलको अभाव हो । खेती लगाउने समय आउँछ, किसान खेत तयार पार्छन्, बीउ राख्ने तयारी हुन्छ, तर मल बजारमा हुँदैन । कतै मलका लागि लामो लाइन बस्नुपर्ने हुन्छ, कतै पहुँचवालाले बढी मल पाउँछन् र सामान्य किसान खाली हात घर फर्किन बाध्य हुन्छन् । किसानका लागि मल कुनै विलासिताको वस्तु होइन, उत्पादनसँग प्रत्यक्ष जोडिएको आधारभूत आवश्यकता हो । खेतीको महत्त्वपूर्ण समयमा मल उपलब्ध नभएपछि किसानले चाहेर पनि उत्पादन बढाउन सक्दैन ।

सरकारले मल वितरणलाई व्यवस्थित, पारदर्शी र किसानमैत्री बनाउनुपर्छ । मागको यथार्थ अनुमान गरी पर्याप्त मल समयमै गाउँ-गाउँसम्म पुऱ्याउने संयन्त्र निर्माण हुनुपर्छ । मलको अभाव भएपछि मात्र आयात प्रक्रिया सुरु गर्ने पुरानो

प्रवृत्तिको अन्त्य गर्नुपर्छ । त्यससँगै नेपालले दीर्घकालीन रूपमा जैविक तथा प्रांगारिक मल उत्पादनमा पनि जोड दिनुपर्छ । रासायनिक मलमा पूर्ण निर्भरता बढाउँदै लैजानु मात्र समाधान होइन । गाउँघरमै उपलब्ध जैविक स्रोतको उपयोग गरेर प्रांगारिक मल उत्पादन गर्न सकिए माटोको उर्वराशक्ति पनि जोगिन्छ र बाह्य निर्भरता पनि कम हुन्छ ।

कृषिमा गुणस्तरीय बीउको ठुलो महत्त्व हुन्छ । किसानले राम्रो बीउ पाएमा उत्पादन बढाउन सक्छ । तर, धेरै किसान आज पनि गुणस्तरीय र प्रमाणित बीउ सहज रूपमा पाउनबाट वञ्चित छन् । बजारमा पाइने बीउको गुणस्तरप्रति समेत किसान विश्वस्त हुन सक्ने अवस्था छैन । कमजोर बीउका कारण उत्पादन घटेमा त्यसको सबैभन्दा ठुलो मार किसानमाथि नै पर्छ । सरकारले स्थानीय हावापानीअनुकूल उन्नत जातका बीउ विकास र वितरणमा प्राथमिकता दिनुपर्छ । कृषि अनुसन्धानलाई खेत र किसानसँग जोड्नुपर्छ । प्रयोगशालामा अनुसन्धान गरेर मात्र पुग्दैन, त्यसको प्रत्यक्ष लाभ किसानको खेतसम्म पुग्नुपर्छ ।

नेपालको कृषि अझै ठुलो हदसम्म परम्परागत प्रणालीमा आधारित छ । हलो, कोदालो र हातको श्रम मात्रमा आधारित कृषिबाट आजको प्रतिस्पर्धी बजारमा टिक्न कठिन हुन्छ । समय परिवर्तन भएको छ । अब कृषिलाई आधुनिक, वैज्ञानिक र व्यावसायिक बनाउनुपर्ने आवश्यकता छ । साना किसानले पनि प्रयोग गर्न सक्ने आधुनिक कृषि उपकरणको व्यवस्था गर्नुपर्छ । ट्र्याक्टर, पावर टिलर, थ्रेसर, आधुनिक सिँचाइ प्रणाली, रोपाइँ तथा कटाइ मेसिनजस्ता उपकरण किसानको पहुँचमा पुग्नुपर्छ । सबै किसानले महँगा उपकरण व्यक्तिगत रूपमा किन्न सक्दैनन् । त्यसैले स्थानीय तह, सहकारी वा किसान समूहमार्फत कृषि उपकरण बैंक स्थापना गर्न सकिन्छ । आवश्यक पर्दा किसानले न्यून शुल्कमा आधुनिक औजार प्रयोग गर्न पाउने व्यवस्था भयो भने कृषि उत्पादन लागत घटाउन ठुलो सहयोग पुग्छ ।

लगानीको संकट र बजार व्यवस्थापनको चुनौती

कृषि गर्न पैसा चाहिन्छ । बीउ, मल, औजार, सिँचाइ, श्रमिक र अन्य सामग्रीका लागि किसानलाई लगानी आवश्यक पर्छ । तर किसानले सहज रूपमा कृषि ऋण पाउने अवस्था अझै पनि कमजोर छ । बैंक तथा वित्तीय संस्थामा ऋण लिन जाँदा अनेक कागजात, धितो र प्रक्रियाको झन्झट हुन्छ । वास्तविक किसान ऋणबाट वञ्चित हुने तर पहुँच भएका व्यक्तिले कृषि ऋणको सुविधा लिने अवस्था अन्त्य हुनुपर्छ । सस्तो ब्याजदरमा, सरल प्रक्रियाबाट र वास्तविक किसानलाई लक्षित गरेर कृषि ऋण उपलब्ध गराउनुपर्छ । कृषि ऋण केवल कागजमा कृषि प्रयोजनका लागि नभई वास्तवमै उत्पादनमा प्रयोग भएको सुनिश्चित गर्नुपर्छ । किसानले उत्पादनबाट आम्दानी गर्न नपाउँदै किस्ता तिर्ने अवस्था हुनुहुँदैन, त्यसैले उत्पादनको प्रकृतिअनुसार ऋण तिर्ने अवधि निर्धारण हुनुपर्छ ।

किसानको पीडा उत्पादन नहुँदा मात्र होइन, उत्पादन भएर पनि उचित मूल्य नपाउँदा झनै बढ्छ । वर्षभरि मेहनत गरेर फलाएको धान, तरकारी, फलफूल वा दूधले बजारमा मूल्य नपाउँदा किसान निराश हुन्छ । कतिपय अवस्थामा किसानले खेतमै उत्पादन सड्न दिनुपर्ने अवस्था आउँछ । तर त्यही उत्पादन बजार पुग्दा उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने विडम्बना देखिन्छ । यसको मुख्य कारण उत्पादन र बजारबीचको कमजोर सम्बन्ध तथा बिचौलियाको अत्यधिक प्रभाव हो । किसानले उत्पादन गरेको वस्तु उपभोक्तासम्म पुग्दा धेरै तह पार गर्नुपर्ने हुन्छ । प्रत्येक तहमा मूल्य बढ्छ, तर सबैभन्दा कम हिस्सा उत्पादन गर्ने किसानले पाउँछ ।

सरकारले प्रमुख कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । समर्थन मूल्य तोकेर मात्र पुग्दैन, किसानले त्यो मूल्य पाउने सुनिश्चितता हुनुपर्छ । बजारमा मूल्य घट्दा सरकारले तोकिएको न्यूनतम मूल्यमा किसानको उत्पादन खरिद गर्ने व्यवस्था गर्नुपर्छ । किसान र उपभोक्तालाई प्रत्यक्ष जोड्ने बजार प्रणालीको विकास पनि आवश्यक छ । स्थानीय उत्पादनका लागि स्थानीय बजार, किसान बजार, सहकारी बजार र डिजिटल कृषि बजारको विस्तार गर्नुपर्छ । किसानले आफ्नो उत्पादनको मूल्य, बजारको माग र खरिदकर्ताको जानकारी सहजै पाउने प्रणाली निर्माण हुनुपर्छ ।

नीतिगत सुधार र तीन तहको सरकार

संघीय, प्रदेश र स्थानीय सरकार सबैसँग कृषि विकासको जिम्मेवारी छ । तीन तहका सरकारबीच समन्वय भयो भने कृषि क्षेत्रमा देखिएको अन्योल हट्न सक्छ । संघले नीति र पूर्वाधारमा, प्रदेशले बजार र प्रशोधनमा तथा स्थानीय तहले किसानसँग प्रत्यक्ष जोडिएर काम गर्ने परिपाटी बसाल्नुपर्छ ।

हरेक सरकारले कृषिलाई प्राथमिकता दिने घोषणा गर्छ तर किसानको खेतमा परिवर्तन देखिँदैन । कृषि मन्त्रालय र सम्बन्धित निकायहरू किसानका वास्तविक समस्या सुन्न गाउँसम्म पुग्नुपर्छ । भाषण र बजेटको कागजी खर्चमा होइन, नीतिलाई वास्तविक खेतमा लागू गरेर मात्रै देशलाई कृषिमा आत्मनिर्भर बनाउन सकिन्छ ।

इतिहासको पाना

● सुनिल उलक

राजा महेन्द्रले सोभियत संघमा मनाएको जन्मोत्सव

राजा महेन्द्र, रानी रत्नका साथ सोभियत संघको भ्रमण क्रममा राष्ट्रपतिका साथ

नेपालमा आमचुनाव गराउनका लागि सुवर्ण शमशेरको अध्यक्षतामा मन्त्रिमण्डल गठन गरिएपश्चात् राजा महेन्द्र केही फुर्सदिला बनेका थिए । यही अनुकूल अवसर पारेर विश्व राजनीतिलाई नजिकबाट बुझ्ने तथा नेपालको आर्थिक र सामाजिक विकासका लागि सोभियत सहयोग अनुरोध गर्ने उद्देश्यले राजा महेन्द्र १८ दिने राजकीय भ्रमणका क्रममा सोभियत संघ पुगेका थिए ।

राजा महेन्द्र, रानी रत्न, शाही नेपाली सेना, नेपाल प्रहरी, पुरातत्व विभागका प्रमुख तथा कूटनीतिक अधिकारीहरू सम्मिलित प्रतिनिधिमण्डल वि.सं. २०१५ जेठ २२ गते सोभियत संघको तासकन्द विमानस्थल ओर्लिएको थियो । तासकन्दमा उज्बेक गणराज्यका प्रमुख तथा सोभियत संघका उपराष्ट्रपति शराफ रशिदोवले भव्य स्वागत गर्दै 'गार्ड अफ अनर'को निरीक्षण गराएका थिए । तत्पश्चात् मस्कोको व्नुकोवो विमानस्थलमा सोभियत राष्ट्रपति भ्लादिमिर भोरोसिलोभ तथा प्रिमियर निकिता खुश्चेभ स्वयं उपस्थित भई नेपाली पाहुनाहरूको आत्मीय स्वागत गरे । सोभियत नेतृत्वले नेपालको शान्तिप्रिय नीतिको कदर गर्दै आर्थिक र सामाजिक अवस्था जस्तोसुकै भए पनि धनी राष्ट्रसरह समान दर्जा दिने प्रतिबद्धता व्यक्त गऱ्यो । यस भ्रमणले भारतको प्रभावका कारण नेपालप्रति सोभियत संघमा रहेको पुरानो भ्रम र नकारात्मक धारणा हटाई नेपालको स्वतन्त्र अस्तित्व स्थापित गर्न निर्णायक भूमिका खेल्यो ।

१८ दिने वैदेशिक भ्रमणका क्रममा आठौं दिन राजाको ३८औं शुभजन्मोत्सव पऱ्यो । सोभियत सरकारले जर्जिया नजिकैकाला सागर (ब्ल्याक सी)को तटमा स्थित मनोरम सोची सहरमा राजाको जन्मोत्सव भव्यताका साथ मनाउने तयारी गऱ्यो । समारोहमा राष्ट्रपति भोरोसिलोभ, उपाध्यक्ष रशिदोभ, उपाध्यक्ष के. कोन्डुचालोभा र उप-विदेशमन्त्री जी. जारुबिनलगायत उच्च अधिकारीले राजा महेन्द्रलाई उपहार तथा फूलका गुच्छा दिएर शुभकामना व्यक्त गरे । सोही समयमा काला सागरमा तैनाथ सोभियत युद्धक पानीजहाज 'कुइबिसेभ'मा नेपाल र सोभियत संघको राष्ट्रिय झन्डा फरफराउँदै राजाको सम्मानमा ३१ तोपको सलामी दिइयो । समारोहको अन्त्यमा जर्जियाका स्थानीय कलाकारहरूले परम्परागत गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

भोटेकोशी बाढीमा २३२ विद्यार्थी र १८ शिक्षक सम्पर्कविहीन

काठमाडौं/मस-भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी २३२ विद्यार्थी र १८ शिक्षक सम्पर्कविहीन भएका छन्। बाढीले रसुवा, नुवाकोट र धादिङका १६ विद्यालयमा पूर्ण तथा आंशिक क्षति पुऱ्याएको शिक्षा तथा खेलकुद मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार बाढीले सबैभन्दा बढी क्षति रसुवामा पुऱ्याएको छ। रसुवाको उत्तरगया गाउँपालिकास्थित निलकण्ठ माध्यमिक विद्यालयका २०० विद्यार्थी र चार शिक्षक सम्पर्कविहीन छन्। रसुवाकै गोसाइँकुण्ड गाउँपालिकास्थित कोमीश्यामेवाङफेल माध्यमिक विद्यालयका १६ विद्यार्थी र एक शिक्षकलाई बाढीले बगाएको मन्त्रालयको विवरणमा उल्लेख छ। उत्तरगया गाउँपालिकाको नवविजयी महेन्द्र माध्यमिक विद्यालयका दुई शिक्षक र एक अन्य व्यक्ति पनि सम्पर्कमा छैनन्। गोसाइँकुण्ड गाउँपालिकास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयका सात शिक्षक सम्पर्कविहीन छन्। विद्यालयमा १०९ विद्यार्थी अध्ययनरत छन्। विद्यालयका १० शिक्षकमध्ये तीनजना मात्रै बाढीपछि सम्पर्कमा आएका छन्।

नुवाकोटको विदुर नगरपालिकास्थित चण्डेश्वरी माध्यमिक विद्यालयका एक विद्यार्थीलाई बाढीले बगाएको छ। थप १२ विद्यार्थी सम्पर्कविहीन छन्। उक्त विद्यालयमा ५७९ विद्यार्थी अध्ययनरत थिए। धादिङका चार शिक्षक पनि सम्पर्कविहीन छन्। निलकण्ठ नगरपालिकाको देउराली माध्यमिक विद्यालय, पाल्पा सामरीभञ्जाङ माध्यमिक विद्यालय, न्यू किबु बोर्डिङ स्कुल र पशुपति माध्यमिक विद्यालयका एक-एक शिक्षक सम्पर्कविहीन भएका हुन्। चारै जना गोसाइँकुण्ड यात्रामा गएका बेला बाढीपछि सम्पर्कविहीन भएको मन्त्रालयले जनाएको छ।

१६ विद्यालयमा क्षति

मन्त्रालयका अनुसार बाढीले तीन जिल्लाका १६ विद्यालयमा क्षति पुऱ्याएको छ। तीमध्ये नौ विद्यालय पूर्ण र सात विद्यालय आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। यी विद्यालयमा ६ हजार ९०१ विद्यार्थी अध्ययनरत थिए।

नुवाकोटमा आठ, रसुवामा चार र धादिङमा चार विद्यालयमा क्षति पुगेको छ। रसुवाको गोसाइँकुण्ड गाउँपालिकास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। उत्तरगयाका चिप्लेटी आधारभूत विद्यालय, मोर्डन ट्रिनिटी बोर्डिङ र मालिकादेवी आधारभूत विद्यालय पनि पूर्ण रूपमा बगेका छन्।

नुवाकोटको विदुर नगरपालिकास्थित त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयमा पनि पूर्ण क्षति पुगेको छ। विद्यालयमा एक हजार ४१३ विद्यार्थी अध्ययनरत थिए। बाढीअघि नै सबै विद्यार्थीलाई घर पठाइएकाले मानवीय क्षति भने हुनबाट जोगिएको मन्त्रालयले जनाएको छ।

चण्डेश्वरी माध्यमिक विद्यालय, रामचन्द्र आधारभूत विद्यालय, त्रिशूली सामुदायिक बोर्डिङ, ज्ञानकुञ्ज बोर्डिङ, उत्तरगया पब्लिक इङ्लिस स्कुल, जेडी बोर्डिङ स्कुल र पायोनियर बोर्डिङ स्कुलमा पनि पूर्ण क्षति पुगेको छ। कतिपय विद्यालयमा लेदो पसेको छ भने कतिपय संरचना बाढीले बगाएको छ।

धादिङका बागेश्वरी माध्यमिक विद्यालय, सक्सेस एकेडेमी, अम्लेश्वर गुरुकुल संस्कृत विद्यालय र जलेश्वर माध्यमिक विद्यालयमा क्षति पुगेको छ। अम्लेश्वर गुरुकुल संस्कृत विद्यालय बाढीले पुरिएको छ। जलेश्वर माध्यमिक विद्यालय र सक्सेस एकेडेमीको पहिलो तला डुबेको छ। बागेश्वरी माध्यमिक विद्यालयको पहिलो तला पनि पुरिएको मन्त्रालयले जनाएको छ। विद्यालयका भवनमा ठूलो क्षति पुगे पनि सबै ठाउँमा विद्यार्थी र शिक्षक प्रभावित भएका छैनन्। रसुवाको कोमीश्यामेवाङफेल माध्यमिक विद्यालयको भवन भने सुरक्षित रहेको मन्त्रालयको विवरणमा उल्लेख छ। त्यहाँका विद्यार्थी र शिक्षक मात्रै बाढीमा परेको जनाइएको छ।

बाढीबाट विद्यालय संरचनामा क्षति पुगेसँगै ठूलो संख्यामा विद्यार्थी र शिक्षक सम्पर्कविहीन भएपछि उनीहरूको खोजी तथा अवस्थाबारे यकिन जानकारी लिन चुनौती थपिएको छ। मन्त्रालयले प्रभावित विद्यालय, विद्यार्थी र शिक्षकको विवरण संकलन गरिरहेको जनाएको छ।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०८३।०५।१५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (उक्त दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:

१. ऋणीको नाम: श्रेष्ठ हार्डवेयर तथा फर्निचर सप्लायर्स **कर्जा शिर्षक:** क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुमा दर्ता रहेको), दर्ता नं.: २८६४/०६८/०६९, दर्ता मिति: २०६९/०२/१७, स्थायी लेखा नं.: ३०५३०३९६७, ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा., वडा नं. २।

प्रोप्राईटर:
गोपाल प्रसाद श्रेष्ठ: ना.प्र.प.नं (जारी मिति/स्थान): ४९८८/३३३८(२०५५/१२/१८/अर्घाखाँची), बाजेको नाम: निम प्रसाद श्रेष्ठ, बाबुको नाम: नेत्र प्रसाद श्रेष्ठ, ठेगाना: अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा., वडा नं. २।

व्यक्तिगत जमानतकर्ता:
रीता श्रेष्ठ: ना.प्र.प.नं (जारी मिति/स्थान): ४०३०१०/५९८(२०६३/११/२१/अर्घाखाँची), बाबुको नाम: गणेश श्रेष्ठ, ससुराको नाम: नेत्र प्रसाद श्रेष्ठ, पतिको नाम: गोपाल प्रसाद श्रेष्ठ, ठेगाना: अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स., वडा नं. ९, स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा., वडा नं. २।

२. ऋणीको नाम: आविश्कार फर्निचर उद्योग **कर्जा शिर्षक:** क्यास क्रेडिट
(नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुमा दर्ता रहेको), दर्ता नं.: ५८१४/०७२, दर्ता मिति: २०७३/०१/०५, स्थायी लेखा नं.: ६०४१८२२७०, ठेगाना: कपिलवस्तु जिल्ला, बुद्धबाटिका न.पा., वडा नं. ३।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
रीता श्रेष्ठ: ना.प्र.प.नं (जारी मिति/स्थान): ४०३०१०/५९८(२०६३/११/२१/अर्घाखाँची), बाबुको नाम: गणेश श्रेष्ठ, ससुराको नाम: नेत्र प्रसाद श्रेष्ठ, पतिको नाम: गोपाल प्रसाद श्रेष्ठ, ठेगाना: अर्घाखाँची जिल्ला, डिभर्ना गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा., वडा नं. २।

व्यक्तिगत जमानतकर्ता:
गोपाल प्रसाद श्रेष्ठ: ना.प्र.प.नं (जारी मिति/स्थान): ४९८८/३३३८(२०५५/१२/१८/अर्घाखाँची), बाजेको नाम: निम प्रसाद श्रेष्ठ, बाबुको नाम: नेत्र प्रसाद श्रेष्ठ, ठेगाना: अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा., वडा नं. २।

ऋणी श्रेष्ठ हार्डवेयर तथा फर्निचर सप्लायर्स र ऋणी आविश्कार फर्निचर उद्योगको लिलाम हुने संयुक्त धितोको विवरण:
निम प्रसाद श्रेष्ठको नाति, नेत्र प्रसाद श्रेष्ठको छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा., वडा नं. २ बस्ने **गोपाल प्रसाद श्रेष्ठ**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, बुद्धी गा.वि.स./न.पा., वडा नं. ५, नक्सा सिट नं. ५ क स्थित कि.न. २५३९ को क्षेत्रफल ०-०-१० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

ऋणी आविश्कार फर्निचर उद्योगको लिलाम हुने धितोको विवरण:
निम प्रसाद श्रेष्ठको नाति, नेत्र प्रसाद श्रेष्ठको छोरा, अर्घाखाँची जिल्ला, सन्धिखर्क न.पा., वडा नं. १५ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बुद्धभूमी न.पा., वडा नं. २ बस्ने **गोपाल प्रसाद श्रेष्ठ**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, बुद्धी गा.वि.स./न.पा., वडा नं. ५, नक्सा सिट नं. ५ क स्थित कि.न. २५४२ को क्षेत्रफल ०-०-९-२ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

३. ऋणीको नाम: सुर्यान्स बस्त्रालय **कर्जा शिर्षक:** क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा दर्ता रहेको), दर्ता नं.: ९३३३/१८३, दर्ता मिति: २०७७/०६/०५, स्थायी लेखा नं.: ६१३७३२२९९, ठेगाना: रौतहट जिल्ला, गरुडा न.पा., वडा नं.४।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
जनक दुलारी देवी: ना.प्र.प.नं (जारी मिति/स्थान): १९००३/१०२७(२०६३/१०/१५/सर्लाही), बाबुको नाम: जगदीश साह, ससुराको नाम: बुनी साह बनिया, पतिको नाम: खेन्हारी साह, ठेगाना: सर्लाही जिल्ला, खैर्वा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा., वडा नं.४।

व्यक्तिगत जमानतकर्ताहरु:
क. खेन्हारी साह: ना.प्र.प.नं (जारी मिति/स्थान): ४६५७२८४३(२०४५/०२/११/सर्लाही), बाजेको नाम: लगन साह, बाबुको नाम: बुनी साह बनिया, ठेगाना: सर्लाही जिल्ला, खैर्वा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा., वडा नं.४।

ख. नविन कुमार साह: ना.प्र.प.नं (जारी मिति/स्थान): १९-०१-७२-०६४४३(२०७२/११/३०/सर्लाही), बाजेको नाम: बुनी साह बनिया, बाबुको नाम: खेन्हारी साह, ठेगाना: सर्लाही जिल्ला, खैर्वा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा., वडा नं.४।

४. ऋणीको नाम: जनक दुलारी देवी **कर्जा शिर्षक:** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): १९००३/१०२७(२०६३/१०/१५/सर्लाही), बाबुको नाम: जगदीश साह, ससुराको नाम: बुनी साह बनिया, पतिको नाम: खेन्हारी साह, ठेगाना: सर्लाही जिल्ला, खैर्वा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा., वडा नं.४।

व्यक्तिगत जमानतकर्ता:
खेन्हारी साह: ना.प्र.प.नं (जारी मिति/स्थान): ४६५७२८४३(२०४५/०२/११/सर्लाही), बाजेको नाम: लगन साह, बाबुको नाम: बुनी साह बनिया, ठेगाना: सर्लाही जिल्ला, खैर्वा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा., वडा नं.४।

ऋणी सुर्यान्स बस्त्रालय र ऋणी जनक दुलारी देवीको लिलाम हुने संयुक्त धितोको विवरण:
लगन साहको नाति, बुनी साह बनियाको छोरा, सर्लाही जिल्ला, खैर्वा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा., वडा नं.४ बस्ने **खेन्हारी साह**को नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, गरुडा गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. ८ स्थित कि.न. १००२ को क्षेत्रफल ०-०-५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

५. ऋणीको नाम: एस. जि. सि. इन्भेष्टमेन्ट प्रा. लि. **कर्जा शिर्षक:** सवारी साधन कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २६८७२१/०७८/०७९, दर्ता मिति: २०७८/०५/०२, स्थायी लेखा नं.: ६१००६३८७३, ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं ४।

सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरू:
क. एस्मोन श्रेष्ठ: ना.प्र.प.नं (जारी मिति/स्थान): १२-०१-७२-०६१४१(२०७२/१०/२८/काठमाडौं), बाजेको नाम: नुच्चेलाल श्रेष्ठ, बाबुको नाम: बाबुलाल श्रेष्ठ, ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं १५।

ख. समित खड्का: ना.प्र.प.नं (जारी मिति/स्थान): ३-१६०१६(२०६०/०९/३०/काठमाडौं), बाजेको नाम: गम्भिर खड्का, बाबुको नाम: नन्दलाल खड्का, ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं ४।

लिलाम हुने धितोको विवरण:
धनी एनएमबि बैंक लि./ ऋणी **एस. जि. सि. इन्भेष्टमेन्ट प्रा. लि.**को नाममा बाग्मती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधन:
सवारीसाधनको विवरण: कम्पनी: FCA INDIA AUTOMOBILE, मोडल: JEEP NEW COMPASS MODEL S (01), सवारी दर्ता नं.: बाग्मती प्रदेश ०१ ०२६ च ३०३०, बनेको साल: २०२१, च्यासिस नं.: MCANJREY7MFA77567*7M, इन्जिन नं.: 4121070

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०७/२१ मा दर्ता भएको **प्रा. लि. नं. २७६०२४/०७८/०७९** को **क्वालिटी व्यवसायिक सिप प्रा. लि.** को मिति २०८३/०५/०२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
लिक्विडेटर: सुदिश उप्रेती, इजाजत पत्र नं. ६२९
ठेगाना : का.म.न.पा-२९, काठमाडौं, फोन नं. ९८६०४२९२१२

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७४/०९/२१ मा दर्ता भएको श्री **बिमनेप अन्लाईन सपिड प्रा. लि. (प्रा. लि. नं. १८१२७२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५/०५/२८ मा दर्ता भएको श्री **त्रिनेत्र पेपर एण्ड प्लाष्टिक इण्डष्ट्रिज प्रा. लि. (प्रा. लि. नं. १९८५७७)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/२३ मा दर्ता भएको **प्रा. लि. नं. १९५३८२/०७५/०७६** को **सागर मोटर साइकल वर्क सप प्रा. लि.** को मिति २०८३/०५/०१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
लिक्विडेटर: सुदिश उप्रेती, इजाजत पत्र नं. ६२९
ठेगाना : का.म.न.पा-२९, काठमाडौं, फोन नं. ९८६०४२९२१२

अधिकतम खुद्रा बिक्री मुल्य प्रकाशन गरिएको सुचना

यस फर्म कम्पनीले चिनबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपशिल

S.NO.	GOODS ITEM DETAIL	TYPE	BRAND	MODEL	CAPICITY	P.M. COUNTRY	QTY.	RETE PRE PICES	MRP.
1	AIR CONDITIONER	INVERTER AC	OSSOM	HSC1204DEW	12000Btu/h	CHINA	PCS	NPR	६९९००
2	AIR CONDITIONER	INVERTER AC	OSSOM	HSC1804DEW	18000Btu/h	CHINA	PCS	NPR	८९९००

SELLER: K.K.K STORE AND CO PVT. LTD. PAN/VAT NO.: 621229154
ADDRESS: KATHMANDU, KHICHAPOKHARI-22 KATHMANDU NEPAL EXIM CODE NO: 6212291540197NP

युएई र साउदीमा रोजगार

कम्पनी: ALROUWAD ALARAB TECHNICAL SERVICES शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०५/११ चलानी नं.: ६०२६०३२२ LT. No.: 347177

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Brick Mason	1	0	सम्बन्धित काममा दक्ष	1500	६२,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Concrete Masons	3	0		1500	६२,२०५							
3.	Stock Filler	1	0		1500	६२,२०५							
4.	Tile Layer	8	0		1500	६२,२०५							
5.	Wood Door Carpenter/engraver	7	0		1500	६२,२०५							

कम्पनी: WATER SEAL CONSTRUCTION AND MAINTENANCE LLC शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०५/११ चलानी नं.: ६०२६०३२१ LT. No.: 347122

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	3 G Welder	10	0	सम्बन्धित काममा दक्ष	1500	६२,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	B. Electrician	10	0		1500	६२,२०५							
3.	Build. Painter	10	0		1500	६२,२०५							
4.	Labor Building	20	0		1000	४१,४७०							

कम्पनी: FOUR POINTS BEVERAGE SERVICE शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/११/२७ चलानी नं.: ६०२५३३४३ LT. No.: 339800 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	COFFEE & TEA MAKER	1	0	स. काममा दक्ष	1200	४८,६८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २२ गते (7 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ALLIANZE FOR HUMAN RESOURCES CONSULTANCIES PVT. LTD.
Swayambhu-15, Kathmandu, Tel.: 01-5925668 Contact Person: 9709168301 (Raj Kafle) Email : hr@allianzehr.com.np
श्रम इजाजत नं. १७६४/०८१/८२

कुवेतमा रोजगार

कम्पनी: SOUTH AVENUES SALOON & SPA COMPANY FOR LADIES शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/१३ चलानी नं.: ६०२४१८९४ LT. No.: 327999 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners Female	0	1	सम्बन्धित काममा दक्ष	120	५९,५६४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Hair Stylist/hair Dresser	0	2		150	७४,४५५							
3.	Light Drivers	2	0		135	६७,००९							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २२ गते (7 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु.१०,०००

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com
LINK INTERNATIONAL PLACEMENT SERVICE Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015

मलेसियामा शुन्य (Zero Cost) लागतमा रोजगार

कम्पनी : WELL EQUIPPED PRECISION SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०३/२४ चलानी नं.: ६०२५७८६९ LT. No.: 344593

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Manufacturing Worker	5	0	स. काममा दक्ष	1700	६४३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २२ गते (7 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने
रोजगारदाताले	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Kankai Recruitment Suppliers Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal. Tel: 01-4954490, Mobile : 9801081523
Email: kankaihr2079@gmail.com, Website : www.kankairecruitment.com
Gov. Lic No. 946/067/068

QATAR मा रोजगार

कम्पनी: TRISTAR SELFDRIVE GENERAL SERVICES शहर: QATAR
पूर्व स्वीकृत मिति: २०८२/०६/०९ चलानी नं.: ६०२४५३१७ LT. No.: 331520 पुन विज्ञापन

